लेखापरीक्षण प्रतिवेदन

सिगास गाउँपालिका, बैतडी

आर्थिक वर्ष २०८०/८१



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

सिगास गाउँपालिका, बैतडी

आर्थिक वर्ष २०८०/८१

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि

(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य

(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता

(CORE VALUES)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
सुदूरपश्चिम प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-५

च.न.:FAR/2080-81/LOC/27

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
सिगास गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
बैतडी।

कैफियतसहितको राय।

हामीले सिगास गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको यस आर्थिक वर्षको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ एवंस्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कारोवारको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। गाउँपालिकाले पेश गरेको एकीकृत वित्तीय विवरण (म.ले.प. फा. नं. २७०) मा नेपाल सरकारबाट बजेट अख्तियारी प्राप्त गरी खर्च भएको सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रमको रू.१० करोड ७१ लाख २७ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रू.१ करोड ३४ लाख ५८ हजार, राष्ट्रपति महिला सशक्तिकरण परियोजनाको रू.८ लाख ९० हजार र गरिबसँग विश्वेश्वर कार्यक्रमको रू.४ लाख १५ हजार समेत गरी रू.१२ करोड १८ लाख ९० हजार समावेश गरेको छैन।
२. गाउँपालिकाको रू.१ अर्ब ४ करोड ४३ लाख ३७ हजारको लेखापरीक्षण गरिएकोमा रू.१ करोड ६३ लाख ४६ हजार (१.३६ प्रतिशत) बेरुजू देखिएको छ। लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि रू.२० लाख ६५ हजार बेरुजु प्रतिक्रियाबाट फस्यौंट भई रू.१ करोड ४३ लाख ६ हजार बाँकी रहेको छ। उक्त बाँकी बेरुजु मध्ये असुल गर्नुपर्ने रू.३ लाख ९६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ७ लाख ४ हजार र नियमित गर्नुपर्ने रू.१ करोड ३२ लाख ५ हजार रहेको छ। गत वर्षसम्म रू.२१ करोड ११ लाख २३ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रू.२२ करोड ४४ लाख ५३ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।
३. गाउँपालिकाले नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गरेकोमा लेखा टिप्पणीहरु ८,१४,१७ सम्पत्ति तथा राजस्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ।

एकीकृत वित्तीय विवरण तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा हामी विश्वस्त छौं।

अन्य बेहोरा

लेखापरीक्षण प्रतिवेदनमा स्रोत साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार राजस्व असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास- निर्माण र सेवा प्रवाहमा असर परेको, विभिन्न शीर्षकमा प्रदान गरिएको अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा औंल्याइएको छ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ। त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोबारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटिका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँकार्यपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेकोनेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय कारोबारको प्रकृति लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पशुपति कुमार काफ्ले)

नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछर्यौट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम							
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती		असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
६४	५८	१,६३,४६,६७०	०	१६	२०,६५,१६३	२४,६०२	६४	४२	१,४३,०६,१०९	३,९६,४०८	१,३२,०५,११४	७,०४,५८७	०	०	१,३९,०९,७०१	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्षसम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
बैतडी	२१,११,२३,००८	०	९,७५,९१२	२१,०१,४७,०९६	०	१,४३,०६,१०९	२२,४४,५३,२०५

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०७८/७९	२३.४	सशर्त कार्यक्रमतर्फ	६,७५०
२	२०७९/८०	१९	समायोजन ग्रेड	३०,१०८
३	२०७९/८०	३६	रीतपूर्बकको कर बिजक	५,८३,६२४
४	२०७९/८०	२५	बैठक भत्ता	३०,६००
५	२०७९/८०	२३	पदाधिकारी सुविधा	२,२१,०००
६	२०७९/८०	१७	पदाधिकारी अन्य सुविधा	१७,५००

७	२०७९/८०	४७	आन्तरिक लेखापरीक्षणबाट कायम भएका व्यहोराहरु	८६,३३०
८	२०८०/८१	२९.२	अनुदान खर्च	११,७२,७२५
९	२०८०/८१	५२.१	शिक्षातर्फ	१७,६१३
१०	२०८०/८१	५६	वढी भुक्तानी	६,९९,३३०
११	२०८०/८१	४४	बढी भुक्तानी	२८,०००
१२	२०८०/८१	५४	पुँजीगततर्फ	३३,१६४
१३	२०८०/८१	५७.१	परामर्श कर/अनुपातिक कट्टि	३९,६३२
१४	२०८०/८१	४३	नपाउने सुबिधा	३३,२००
१५	२०८०/८१	३४	आन्तरीक लेखापरीक्षणबाट देखिएका थप व्यहोरा	६,१३८
१६	२०८०/८१	५१.४	सामाजिक सुरक्षा भत्ता	३५,३६१
जम्मा				३०,४१,०७५

(८०७७४५०५३०० - सिगास गाउँपालिका, बैतडी)

परिचय

१ **परिचय**

(क) कार्यालय परिचयः- स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । गाउँपालिकामा ९ वडा, २४५.४४ वर्ग किलोमिटर क्षेत्रफल तथा २१८१४ जनसंख्या रहेको छ ।

(ख)लेखापरीक्षणः- यस पालिकाको आर्थिक वर्ष २०८०।८१ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०८१, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ ।

(ग) लेखापरीक्षणको उद्धेश्यः- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्धेश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०।८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्धेश्य हुनेछ।

(घ) लेखापरीक्षणको क्षेत्र र अवधिः- यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०।८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।५।१२ देखि २०८१।५।१५ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधिः- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमाः- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु

सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति:- गाउँपालिकाको आय-व्ययतर्फ गरी जम्मा रू.१ अर्ब ४ करोड ४३ लाख ३७ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) वित्तीय प्रतिवेदनः- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

आय व्यय विवरण

आ.व २०८०।०८१

सि.नं	आयतर्फ			सि.नं	व्ययतर्फ		
	विवरण	रकम			विवरण	रकम	रकम
१	**गत वर्षको जिम्मेवारी**		५०२०३४६९। ५९	१	**चालु खर्च**		३०५२२३०८४। ८
	क) संचितकोष	४७४४७७४८। ५९			क) पालिकाचालु	१२१३३३०१९। ७७	
	ख) धरौटी	२७५५७२१			ख) शर्सतचालु	१८३८९००६५	
	ग) विभिन्नकोषहरु			२	**पूँजीगतखर्च**		८०१३२४२१
	घ) अन्य				क) पालिकापूँजीगत	६३०४५४५५	
					ख) अन्यअनुदान पूँजीगत	१७०८६९६६	
				३	वित्तियव्यवस्था भुक्तानी		
२	**राजस्व (आन्तरिक आय)**		९४०६३३१७। १५		क) ऋणभुक्तानी		
	क) आन्तरिकराजस्व	१०४३९९११			ख) ब्याजभुक्तानी		
	ख) राजस्वबाँडफाँड	८३६२३४०६। १५			ग) अन्यभुक्तानी		
	ग) अन्य आय			४	लगानी		
३	**वित्तियहस्तान्तरण संघ**		२८७२९००००		ऋण लगानी		
	क) वित्तियसमानीकरण अनुदान	८२५८४०००			शेयर लगानी		
	ख) सशर्तअनुदान	१९७४५६०००			अन्य लगानी		
	ग) समपूरकअनुदान	१२५००००		५	धरौटीफिर्ता	३३८५१३	३३८५१३
	घ) विशेषअनुदान	६००००००		६	जनश्रमदानफिर्ता		
४	**प्रदेशसरकारबाट प्राप्त अनुदान**		१२७२००००	७	कोष फिर्ता	१३११८९६९	१३११८९६९
	क) वित्तियसमानीकरण अनुदान	७१७००००		८	**मौज्दात**		५१००५९८०। ९७
	ख) सशर्तअनुदान	५५५००००			क) संचितकोष	४६८८६५९०। ९७	
	ग) समपुरकअनुदान				ख) धरौटी	२८१३०७३	
					ग) विभिन्नकोषहरु	१३०६३१७	
					घ) अन्य		
	घ) विशेषअनुदान	३८४००००	३८४००००	९	शसर्तअनुदान फिर्ता		
५	**अन्तरस्थानीय तहबाट प्राप्त**		**१२१८९०५७५। १**	१०	गत बर्षकोबढी अल्या		
	क सामाजिकसुरक्षा	१०७१२७४०४		११	अन्तरस्थानीय तहबाट प्राप्त		
	ख)स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	१३४५८१७१। १			क सामाजिकसुरक्षा	१०७१२७४०४	१०७१२७४०४
	ग) गरिवसंग विश्वेश्वर	४१५०००			ख)स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	१३४५८१७१। १	१३४५८१७१।१
	घ)राष्ट्रपति महिला सशक्तिकरण	८९००००			ग) गरिवसंग विश्वेश्वर	४१५०००	४१५०००

	परियोजना						
	ङ)				घ)राष्ट्रपति महिला सशक्तिकरण परियोजना	८९००००	८९००००
६	अन्य				ङ) बिभिन्नकोषको खर्च	१०६४१७८	१०६४१७८
	क)क्षेत्रीय शहरी विकास योजना			१२	जनश्रमदानमौज्दात		
	ख) सडकबोर्ड नेपाल			१३	धरौटमौज्दात		
	ग) पर्यटनबोर्ड नेपाल			१४	कोष खाताकोमौज्दात		
	घ) एन एनएस डब्लु ए						
७	विभिन्नकोषतर्फको आय	२३७०४९५	२३७०४९५				
८	जनसहभागिता (नगद)						
९	विषयगतनिकायबाट प्राप्त						
१०	धरौटी आय	३९५८६५	३९५८६५				
११	लगानीकोसाँवा फिर्ता						
१२	अन्य विविधआय						
		जम्मा	**५७२७७३७२१।८४**			**जम्मा**	**५७२७७३७२१।८४**

(ज) लेखापरीक्षणको क्रममा असुली:- लेखापरीक्षणको क्रममा निम्नानुसारको रू.५०३२।५१ असुल भई दाखिला प्रमाण पेश भएको छ।

सि.नं.	विवरण	रकम रू.
१	संकलित आन्तरिक आय दाखिला छुट वडा सचिवको रू. ४८२६।८८ समेत ३ जनाको रू. ५०३२।५१ दाखिला भएको छ।	५०३२।५१

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **फरक जिम्मेवारी**

पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार ग ४.१ स्थानीय तह सञ्चित कोष खातामा मौज्दात रू. ३८९२४२१२।२७ रहेकोमा यो वर्ष रू. ४७४४७७४८।५९ अर्थात रू. ५७२५००।९७ बढी जिम्मेवारी सारेको छ । त्यसैगरी गतवर्ष ग २.७ विविध खर्च खातामा रू.२३७०४९५।०० मौज्दात रहेकोमा यस वर्ष रू.२६६५८७९।६० अर्थात रू. १०६४१७८।०० बढी जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रू. १५७९३२६।९७ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रू.

३ **आवधिक योजना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा

कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

४ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

५ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नाअनुसार ९ वडाको लागि वडागत र पालिकास्तरका कुल ६९ योजनामा वजेट विनियोजन गरेको छ ।

क्र. सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रु. २० लाख माथिका योजना सङ्ख्या	रु. ५ लाखदेखि २० लाखसम्मका योजना सङ्ख्या	रु. ५ लाखभन्दा कमका योजना सङ्ख्या
१	पालिकास्तरीय	६९	३०	२०	१९

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालीन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ६७ योजनामात्र कार्यान्वियन भई २ योजना कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ, पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

६ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

क्र.स	क्षेत्र	बजेट	खर्च	जम्मा खर्चको तुलनामा खर्च प्रतिशत
१	आर्थिक विकास	१६४००५६७	१२२२१६५९	३.२
२	पूर्वाधार विकास	७७९०३०००	५०१९६९९२	१३
३	सामाजिक विकास	२२३३८८८००	२०२६३५९०९	५२.५५
५	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	९०००००	९०००००	०.२५
६	अन्य कार्यालय संचालन तथा प्रशासनिक	१५२७११०३३	११९४००९४५.३२	३१
जम्मा		**४७१९०३४००।००**	**३८५३५५५०५।३२**	

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५२.५५ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासन मा सबै भन्दा घटीमा ०.२५ प्रतिशत रहेको छ ।

७ **वार्षिक खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रू. ८०१३२४२१।८० पुँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

८ **त्रैमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिनाको खर्च
		प्रथम	दोस्रो	तेश्रो	चौथो	
पुँजीगत खर्च	८०१३२४२१	०	९०७२८५८	२२६४८२०३	४८४११३६०	४००८२५५५
प्रतिशत	१००	०	११.३२	२८.२६	६०.४१	५०.०२

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रू. ८०१३२४२१।०० निकासा भएकोमा प्रथम त्रैमासिकमा शुन्य प्रगति (० प्रतिशत), दोस्रो त्रैमासिकमा रू. ९०७२८५८।०० (११.३२ प्रतिशत), तेस्रो त्रैमासिकमा रू. २२६४८२०३।१५ (२८.२६ प्रतिशत) र चौथो त्रैमासिकमा रू. ४८४११३६०।०० (६०.४१ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रू. ४००८२५५५।०० (५०.०२ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिदैन ।

९ आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्नसक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
३८५३५५५०५।३	१०४२८५६७.२०	२.०७

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.०७ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१० स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

११ आय अनुमान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्नसक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रू. १००००००००।०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रू. ९४१४४३३।१० अर्थात अनुमान भन्दा ९४.१४ प्रतिशत आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

१२ कर तथा शुल्क असुली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ । पालिकाभित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ, आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनुपर्दछ ।

आयशीर्षक	अनुमान	असुली	असुली प्रतिशत
एकीकृत सम्पत्ति कर र घर जग्गा कर	८७०००००	७६६०९६७।७०	८८.०५
घरजग्गावहालकर	२५०००	४४२७८५।८०	१७७१
व्यवसायकर	३००००	१३०००।००	४३.३३

१३ खर्च विश्लेषण

पालिकाले यस वर्ष कुल आन्तरिक आयबाट रू. १०४३९९११।०० राजस्व बाँडफाँड र अनुदानबाट रू. ३८७४७३४०६।०० समेत रू. ३९७९१३३१७ आम्दानी भएकोमा चालुतर्फ रू. ३०५२२३०८४।३० र पुँजिगततर्फ रू. ८०१३२४२१।०० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.७२ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७९.५६ प्रतिशत चालुतर्फ र २०.८८ प्रतिशतमात्र पुँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१४ वित्तीय विवरणको यथार्थता

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्दछ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रू. १०७१२७४०४।००, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रू. १३४५८१७१।१०, गरिव संग विश्वेश्वर कार्यक्रमको रू. ४१५०००।०० र राष्ट्रपति महिला सशक्तिकरण परियोजनाको रू. ८९००००।०० समेत गरी रू.१२१८९०५७५।१० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ, सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

१५ व्यवसाय कर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रू. १३०००।०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ, पालिकाले क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनुपर्दछ ।

१६ ऐन नियम

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनसक्ने ब्यवस्था छ । गाउँपालिकाले यो वर्षसम्म ५३ ऐन, नियम बनाएकोमा कार्यान्वयनमा गए नगएको खुलाएको छैन । तयार भएका ऐन तथा नियम एवं निर्देशिकाको कार्यान्वयन गर्नुपर्दछ ।

१७ मौज्दातको उपयोग

स्थलगत निरीक्षणः लेखापरीक्षणको क्रममा २०८१।५।१४ मा लेकलुपुड माध्यमिक विद्यालय वडा ४ को स्थलगत निरीक्षण गर्दा साविकमा तयार भएको भवन संरक्षण गर्न ढुंगाको पर्खाल निर्माण गरी उपभोक्ता समितिलाई रू. १२७५०००।०० भुक्तानी गरेको छ । छलफलका क्रममा भू तथा जलाधार कार्यालय, बैतडीबाट प्राप्त जालीको अभिलख नराखेकोले यस सम्बन्धमा थप विश्लेषण गर्न सकिएन । प्रति इकाई रू. ५००।०० पर्ने करिब २०० जाली तार विद्यालयको भर्याङ मुनि राखेको पाइयो । रू. १०००००।०० मूल्यको उक्त जाली प्रयोग गरेको प्राविधिक मूल्यांकन पेश गर्नुपर्ने रू.

साथै, तयार भएको पर्खालको जालीमा बराबर साइजको ढुंगा नभरिएको तथा केही जाली पूर्णरुपमा नभरिएको तथा तोकिए अनुसारका ढुंगाको जाली भर्नुपर्दछ । साविकको चार कोठे भवन नजिक पहिरो गई भत्केका पर्खाल तयार गरी उपयोग गर्नुपर्दछ ।

प्रमाण पेश नगरेको	१,००,०००

१८ **भ्रमण खर्च**

वैदेशिक भ्रमणः नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५।६।५ को निर्णयले स्थानीय तहका पदाधिकारीको विदेश भ्रमण सम्वन्धी निर्देशिका, २०७५ को दफा नं.४ मा पदाधिकारीको विदेश भ्रमण गर्दा जिल्ला समन्वय समितिका प्रमुख र महानगरपालिकाका प्रमुखको हकमा नेपाल सरकार र अन्य पदाधिकारीको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रीले विदेश भ्रमणको मनोनयन गर्ने व्यवस्था छ । गाउँपालिकाका अध्यक्ष श्री हरिसिंह धामी चीनको गोन्जाओमा सन् २०२३ को डिसेम्बर १३ देखि २० सम्म "The first Belt & Road Chinese University & overseas partner Exchange Conference” मा सहभागी हुँदा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको स्वीकृति नलिई गाउँ कार्यपालिकाबाट निर्णय गराई रू. ३४७९९९।०० भ्रमण खर्च लिएको पाइयो । विदेश भ्रमण जाँदा अनिवार्यरुपमा मन्त्रालयबाट स्वीकृति लिनुपर्दछ ।

१९ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २ बमोजिम सुचिमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिने व्यवस्था रहेको छ । कार्यालयले रोजगारको प्राथमिकिकरण गर्ने सूचकहरु तय गरेको देखियो । पालिकाले पेश गरेको विवरण अनुसार यो वर्ष ९ वडाहरुमा सूचिकृत ४२०३ वेरोजगारी मध्यै यस कार्यक्रमबाट रोजगारी प्राप्त गरेको विवरण निम्नानुसार छन । जस अनुसार २.३३ (९८ जना) प्रतिशतले रोजगार प्राप्त गरेको देखियो । साथै प्रति व्यक्ति औषत रू. ६४५५१।०६ को रोजगारी आय प्राप्त भएको अवस्था छ । सो कार्क्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक मर्मत, पर्खाल निर्माण, पदमार्ग निर्माण, कुलो निर्माण तथा मर्मत, बर्थिङ्ग सेन्टर निर्माण तथा मर्मत, मन्दिर निर्माण तथा मर्मत, खेल मैदान निर्माण लगायतका कार्यक्रम सञ्चालन गरी १३ योजनामा रू. ६३२४६००४।४६ खर्च लेखेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएतापनि कामको दीगोपना भएको देखिंदैन । थोरै संख्यामा वर्षको करिव २६ प्रतिशत अवधिको मात्र रोजगार उपलव्ध गराएर कार्यक्रमको सार्थकता हासिल हुदैन । रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेकोले सोही अनुरुप स्थानीय नागरिकको उत्पादकत्व वृद्दि हुने स्वरोजगारमुलक कार्यक्रमहरुमा केन्द्रित हुनुपर्दछ ।

वडा नं.	सुचिकृत बेरोजगार संख्या	रोजगार संख्या	रोजगारीप्राप्त गरेको दिन	प्रतिव्यक्ति रोगजारप्राप्त दिन	कूल खर्च	प्रतिव्यक्ति औषत रोजगारी आय	रोजगार प्रतिशत
१	६७३	९	८९८.४७	९९.८३	६००१७७.३५	६६६९३.००	१.३३
२	६५७	९	८९८.५६	९९.८४	६००२६८.८८	६६६९६.४४	१.३६
३	६१९	१३	१२९९.६१	९९.९८	८६८१७७.८२	६६७८४.४	२.१०
४	५१४	९	८९८.९२	९९.८८	६००४६०.१५	६६७२६.४४	१.७५
५	३०६	९	८९४.२४	९९.३६	६००३९८.५४	६६३७७.५४	२.९४
६	३०७	९	८९९.१०	९९.९९	६०११३९.८८	६६७९३.३२	२.९३
७	३०८	९	८९९.६४	९९.९६	६००९६०.१	९९७७३.३३	२.९२
८	४९३	२२	१८८७.१६	८५.७८	१२५३२८२.७४	५७३०१.७३	४.४६
९	३२६	९	८९७.१२	९९.६८	६०११३९.००	६६५८७.३६	२.७६
जम्मा	४२०३	९८			६३२६००४.४६		

२० सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकामा बुझाउनुपर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४) सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गतेभित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १५ वटा सहकारी संस्था रहेका छन् । सोमध्ये ५ सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको देखियो । बाँकी १० सहकारी संस्थाहरुको नियमन हुन सकेको छैन । तसर्थ, ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ । यसका साथै पालिकाले यस वर्ष गो.भौ.नं. ४५३।०८१।०३।२२ मा सहकारी प्रवर्द्धन गर्न देहायका सहकारीलाई अनुदान रकम दिएको छ, नाफामुलक संस्थालाई अनुदान दिन मिल्ने देखिएन । अत नियमित गर्नुपर्ने रू.

क्र.सं.	सहकारी संस्थाको नाम	रकम
१.	प्रगतिशिल महिला बचत तथा ऋण सहकारी	२०००००।००
२.	लालीगुराँस महिला बचत तथा ऋण सहकारी	२०००००।००
३.	सिगास महाप्रभु बचत तथा ऋण सहकारी	१०००००।००
४.	परिवर्तनशिल बचत तथा ऋण सहकारी	१०००००।००
५.	गणेश सेवा कृषि सहकारी संस्था लि.	१०००००।००
	जम्मा	७०००००।००

अनियमित भएको	७,००,०००

२१ आयभन्दा व्यय बढी खर्चः

पालिकाले पेश गरेको एकिकृत आय-व्यय विवरण २०८०।०८१ अनुसार पालिकाले आय भन्दा व्यय बढी भएको देखिन्छ । प्रतिवेदन अनुसार यस बर्ष पालिकाको आय रू. ५७२७५७३४६।०० र व्यय रू. ५७२७७३७२१।०० पेश गरेकोमा पालिकाले आय भन्दा रू.

१६३७५।८६ बढी खर्च गरेको छ । अतः पालिकाले आय भन्दा व्यय बढी हुनुको कारण खुलाएको छैन । हिसाबमिलान गरी प्रमाण पेश गर्नुपर्ने रू.

प्रमाण पेश नगरेको	१६,३७५.८६

२२ **पदाधिकारी सुविधा**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची-१ मा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र गाउँ कार्यपालिका सदस्यलाई मासिक सुविधा सम्बन्धी व्यवस्था गरेको छ । पालिकाले यस वर्ष पदाधिकारीहरुलाई मासिक सुविधा अन्तर्गत रू. ७८४८५००।०० भुक्तानी गरेको छ । जुन आन्तरिक आयको ७५.१७ प्रतिशत हुन आउँछ । आन्तरिक आयलाई ध्यानमा राखि पदाधिकारी सुविधा भुक्तानी गर्नुपर्दछ ।

२३ **लेखा समिति गठन र बेरूजु फर्स्यौट**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २२ गाउँ सभाले आफ्नो कार्यप्रणालीलाई व्यवस्थित गर्न नियमावली बनाई कुनै सदस्यको संयोजकत्वमा लेखा समिति लगायत आवश्यकता अनुसार अन्य समिति र विशेष समिति गठन गर्न सक्नेछ । पालिकाले हालसम्म लेखा समिति गठन गरेको छैन भने हालसम्मको बेरुजु लेखा समिति र सभामा छलफल गरेको छैन । पालिकाको लेखा समिति गठन गरी बेरूजु फर्स्यौट गर्नतर्फ ध्यान जानुपर्दछ ।

२४ **विविध तथा सभा संञ्चालन खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विविधतर्फ (खाजा, खानालगायत) रू. ३००००००।०० र सो बाहेक पालिकाको सभा संञ्चालनका लागि रू. १३८४५२०।०० रकम समेत गरी रू. ४३८४५२०।०० खर्च गरेको छ । उक्त खर्च पालिकाको आन्तरिक आय रु. १०४३९९११।०० को ४१.९९ प्रतिशत हुन आउँछ । यसप्रकारको खर्चमा आन्तरिक आयलाई समेत ध्यान दिई मितव्ययीरुपमा खर्च गर्नुपर्दछ ।

२५ **स्थानीयतह संस्थागत क्षमता स्वमूल्याकन (LISA) प्रतिवेदन**

स्थानीय तहको कार्य प्रक्रिया र उपलब्धीहरुको बारेमा लेखाजोखा गरी सबल र दुर्वल पक्षहरुको पहिचान गरी शासकीय क्षमता, आर्थिक व्यवस्थापन, सेवा प्रवाह लगायत विभिन्न १० विषय क्षेत्रहरुमा आधारित सूचकहरुको मूल्याङ्कन गरी प्रतिस्पर्धात्मक सुधार गर्ने उद्देश्यले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्माण गरेको कार्यविधिको आधारमा स्थानीय तहहरुले आफ्नो संस्थागत क्षमता मूल्याङ्कन गर्ने गरिएको छ । यो वर्ष मूल्याङ्कन प्रतिवेदनमा यस पालिकाले पुर्णाङ्क १०० मा ६३.७५ अंक प्राप्त गरेको विवरण प्राप्त भएको छ । तसर्थ, पालिकाले संस्थागत सुधार ल्याउन अझ तोकिएको विषयहरुमा विशेष ध्यान जानुपर्दछ ।

२६ **योजना निर्माण र कार्यान्वयन**

स्थानीय सरकारी संचालन ऐन, २०७४ को दफा २४(१) गाउँपालिका तथा नगरपालिकाले योजना बनाउँदा आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने योजनाहरूको छनौट र कार्यान्वयन गर्नुपर्ने व्यवस्था गरेको छ । पालिलकाले यस वर्ष बजेटमा नै व्यवस्था गरी विभिन्न मन्दिरहरूको निर्माण गरेको छ । यसरी साना एवम् वितरणमुखी योजनाहरूबाट बजेट खर्च हुने तर खर्च भए बमोजिम पालिकाकाको आर्थिक विकास र समृद्धि हुने देखिदैन । पालिकाले योजनाहरू निर्माण गर्दा दिगो, उत्पादनमुलक, छिटो प्रतिफल दिने, आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान दिने योजनाहरू निर्माण गरि कार्यान्वयनमा लैजानुपर्दछ । पालिकाले निर्माण गरेका वितरणमुखी र मन्दिर निर्माण गरेका योजनाहरूको केही नमुना विवरणहरू देहाएका छन् ।

तपसिल

क्र.सं.	निर्माण कार्य	भुक्तानी भएको रकम
1.	बेसरा ब्रह्मराहु मन्दिर निर्माण	१५००००
2.	लाटा मन्दिर चौखाम	६३८५३८
3.	डुडै देउघर निर्माण	१२६०५५३
4.	भवानी मन्दिर	३७६०१८
5.	डाडावाग मन्दिर निर्माण बुढाकोट	६३७५०६
6.	लाटो मन्दिर तोलीखेत	५१४८१५
7.	लाटा मन्दिर निर्माण वडा नं ४	८७९४०३
8.	रोडीगड देउघर निर्माण	५९६२९८
9.	पिचास र मष्टा मन्दिर निर्माण	६३२१११

२७ जिन्सी व्यवस्थापन

२७.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसमानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नुपर्ने व्यवस्था छ । पालिकाले जिन्सी निरीक्षण गराएको प्रतिवेदन अनुसार ल्यापटप, डेष्कटप कम्प्युटर, मोटरसाईकल, सोफासेट, कुर्चि, लगायतका मालसमान ५४ मर्मत सम्भार गर्ने १७४ संरक्षण गर्ने र २१ मिनाह गर्ने उल्लेख गरेतापनि तोकिए अनुसारको तयारी कार्य प्रारम्भ गरेको छैन । अत: मालसमानहरु मर्मत सम्भार, लिलामी, मिनाहा, लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

२७.२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०० मा कार्यालयमा भएका जिन्सी मालसामानको परिमाण र मूल्य खुलाई जिन्सी मालसामानको स्रेस्ता तोकिएबमोजिमको ढाँचामा राख्नुपर्ने व्यवस्था छ । जिन्सी सामाग्री व्यवस्थापनको लागि सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) र कर्मचारी तथा पदाधिकारीहरुले बुझिलिएको जिन्सी सामाग्रीहरु विवरण अद्यावधिक गर्नुको लागि सहायक जिन्सी खाताको व्यवस्था गरिएकोमा पालिकाले सम्पूर्ण जिन्सी मालसामानहरु PAMS प्रणालीमा प्रविष्ट गरेको छैन । त्यसैगरी जिन्सी सामानको सहायक जिन्सि खाता समेत तयार गरेको छैन । सहायक जिन्सी खाता नहुदा मालसामानहरु शाखागत रुपमा वितरण गरेको मिति र बुझिलिने व्यक्तिको विवरण प्राप्त भएन । अतः पालिकाले सम्पूर्ण जिन्सी सामाग्रीहरु सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) प्रविष्ट गर्नुको साथै सहायक जिन्सी खाता अद्यावधिक राख्नुपर्दछ ।

२८ प्रशिक्षक भत्ता/सहजीकरण भत्ता

अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०७७ आठौँ संस्करणको दफा ७.१.१५ को सि.नं.४ मा तालिम केन्द्र बाहेक अन्य निकायबाट संचालित सबै प्रकारका तालिमका अधिकृतस्तरको तालिममा बाह्य प्रशिक्षकको पारिश्रमिक कक्षा संचालन बापत रू. ४००।००, कार्यपत्र वापत रू. २०००।००, सहायकस्तर/अन्य तालिममा बाह्य प्रशिक्षकको पारिश्रमिक कक्षा संचालन वापत रू. ६००।०० र कार्यपत्र वापत रू. ७००।०० भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ । सोही दफाको कैफियतमा सम्बन्धित कार्यालयले संचालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति (प्रशिक्षक) भएको अवस्थामा कक्षा लिए वापतको पारिश्रमिक नपाउने व्यवस्था रहेकोमा सो निर्देशिका बमोजिम नगरी कार्यालयमा कार्यरत कर्मचारीलाई प्रशिक्षक वापत भुक्तानी दिईएको, एकै कार्यक्रममा एकै व्यक्तिले प्रशिक्षक भत्ता, यातायात भत्ता, सहजीकरण भत्ता र भ्रमण भत्ता समेत दोहोरो तेहोरो भत्ता लिने गरेको । सुदूरपश्चिम प्रदेश सरकारद्वारा जारी स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकले गाउँपालिका अध्यक्षको

अध्यक्षतामा बस्ने बैठकको भत्ता रू. १०००।०० तोकिएकोमा कार्यसञ्चालन निर्देशिकामा समेत उल्लेख नभएको शीर्षक राखी सहजकर्ता भत्ता नियमित गर्नुपर्ने रू.

अनियमित भएको	१,५००

२९ अनुदान खर्च

२९.१ **आर्थिक सहायताः** स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार आर्थिक सहायता जस्ता वितरणमुखी खर्चमा न्युनीकरण गर्नुपर्ने ब्यवस्था छ । गाउँपालिकाले यो वर्ष बाढी पहिरो, आगलागी, हावाहुरी जस्ता प्रकोप तथा सडक निर्माणका क्रममा भएको क्षतिका लागि ११२ लाभग्राहीलाई रू. ५०००।०० देखि रू. ५००००।०० सम्मका दरले रू. १६३८०००।०० खर्च गरेको छ । यस्ता खर्चलाई आन्तरिक आयसँग समेत आवद्ध गरी न्युनीकरण गर्नुपर्दछ ।

२९.२ सम्पतिको उपयोग-

✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-२७** को निर्णयले रू **६००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-२७** को निर्णयले रू **५७२,७२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३० आन्तरिक ब्यवस्थापन

३०.१ **आन्तरिक नियन्त्रणः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ दफा ३१, र नियमावली २०७७ नियम ८१ एवं स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ बमोजिम सबै सरकारी निकायले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने ब्यवस्था छ । गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको पाइएन । यस सम्बन्धमा देहायका थप व्यहोरा देखिएका छन ।

- प्रशिक्षक तथा सहजीकरण भत्ता खर्चमा मितब्ययिता अपनाउनुपर्ने ।
- गाउँपालिकाका प्राविधिक कर्मचारीलाई उपलव्ध गराउँदै आएको थप पारिश्रमिकलाई आन्तरिक आयसँग आवद्ध गरी मितब्ययी बनाउनुपर्ने ।
- गाउँपालिकाभित्र रहेका भवन संरचनाको लगत अद्यावधिक गरी उपयोग गर्नुपर्ने तथा सार्वजनिक सम्पत्तिको अभिलेख अद्यावधिक गर्नुपर्ने ।
- वित्तीय प्रतिवेदन तयार गरी तोकिएको समय अवधि समाप्त भएको मितिले ७ दिन भित्र बिद्युतीय वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्नुपर्नेमा नगरेको ।
- गाउँपालिकाले योजना शाखाले निःशुल्क रुपमा उपलव्ध सूत्र (SuTRA) सफ्टवेयरको उपयोग गरी प्रतिवेदन तयार गर्नुपर्ने ।
- उपभोक्ता समितिबाट सम्पन्न भएका योजना हस्तान्तरण नगरेको ।
- न्यायिक समितिमा यो वर्ष उजुरी नपरेको ।
- ५ सहकारी संस्था दर्ता नविकरण गरेतापनि अनुगमन मूल्यांकन नगरेको ।
- भुक्तानीको लागि बिल, भरपाई र आवश्यक कागजात संलग्न गरी भुक्तानी कारोवारको सिफारिस पत्र (म.ले.प.फा.न. २०२) संलग्न नगरेको ।
- गाउँपालिकाको प्रशासकीय भवन नभएको ।
- फोहोर ब्यवस्थापन सम्बन्धी कार्य शुरु नगरेको ।
- सहकारी संस्थाको नियमित अनुगमन र सुपरीवेक्षण नभएको ।

- घ बर्गका निर्माण ब्यवसायीको लगत अद्यावधिक गरी अनुगमन नगरेको ।
- भवन तथा संरचनाको पुर्वाधार निर्माणमा नक्सा पास गराउने अभ्यास नै शुरु नभएको ।
- वार्षिक प्रगति प्रतिवेदन तयार नगरेको ।
- यो वर्ष नक्सापास सम्बन्धी काम नगरेको ।
- नापी किताव लुज सिटमा राखेको एवं नापी किताव नियन्त्रण खाता प्रयोग नगरेको ।
- यो वर्षको वजेटमा अवकाश कोष स्थापना गर्न वजेट ब्यवस्था गरेतापनि अवकाश कोष नभएको ।
- मालसामानको गुणस्तर परीक्षण गरेर मात्र खरिद गर्नुपर्ने ।
- गाउँपालिकाबाट संचालित योजना तथा कार्यक्रम लक्ष्य अनुसार नै भए नभएको देखिने वस्तुगत अभिलेख अद्यावधिक गर्नुपर्ने ।

उल्लिखित ब्यहोरामा सुधार गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ, भरपर्दो र विश्वसनीय बनाउनुपर्दछ ।

३०.२ **शीप हस्तान्तरणः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा खर्चको महत्तम उपलव्धि प्राप्त गर्नुपर्ने ब्यवस्था छ । गाउँपालिकाले हाते ट्याक्टर उपयोगको प्रशिक्षण नदिई रू. ४५६०००।०० मूल्यका हाते ट्याक्टर वडा नं. २ र ६ मा ३।३ हाते ट्याक्टर (रू ७६०००।०० पर्ने) किसानलाई उपलव्ध गराएको पाइयो । वितरित हाते ट्याक्टरको उपयोग अवस्था एकीन गरी पर्याप्त तालिम दिएपछि मात्र हाते ट्याक्टरको वितरण गर्ने ब्यवस्था मिलाउनुपर्दछ ।

३०.३ **जनसहभागिता अंशः** स्थानीय सरकार संचालन ऐन, २०७४ एवं सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिको योगदान तोक्नुपर्ने ब्यवस्था छ । गाउँसभावाट उपभोक्ता समितिले गर्ने निर्माण लगायतका काममा जनसहभागिताको अंश तोकिनुपर्नेमा तोकिएको नपाइएतापनि अधिकांशमा योजनामा १०% भन्दा वढी योगदान राखी संझौता कार्यान्वियन गरेको छ । गाउँसभावाट उपभोक्ता समितिले गर्ने जनसहभागिताको अंश निर्धारण गर्नुपर्दछ ।

३०.४ **विद्युत सेवाः** स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार गाउँपालिकालाई प्राप्त स्रोत साधनको महत्तम उपलव्धि हुने गरी उपयोग गर्नुपर्ने ब्यवस्था छ । गाउँपालकिामा विद्युत सेवा सम्बन्धमा देहायका व्यहोरा देखिएका छन । नेपाल विद्युत प्राधिकरण, वितरण केन्द्र बैतडीसँग आवश्यक समन्वय, सहकार्य गरी गाउँवासीलाई विद्युत सेवा उपलव्ध गराउनुपर्दछ ।

- विद्युत लाइन विस्तार भएको स्थानमा विद्युतीय सेवा उपलव्ध गराउनुपर्ने देखिएको ।
- विगतको वजेटबाट प्राप्त वडा नं ३ मा राखिएको १५ विद्युत पोल तथा तारको उपयोग गर्नुपर्ने ।
- गाउँपालिकाका विभिन्न स्थानमा रहेका विद्युतीय पोल तथा तारको उपयोग गरी विद्युत सेवा सुचारु गर्नुपर्ने ।

३०.५ **डिपिआरः** आवश्यकता र औचित्य सावित भएका योजनाको डिपिआर तयार गरी कार्यान्यिनमा लैजानुपर्ने ब्यवस्था छ । गाउँपाललिकासँग विगत तीन वर्षमा तयार गरिएका विस्तृत परियोजना प्रतिवेदन र सोको कार्यान्वियनको अवस्था माग गरेकोमा यो वर्ष डिपिआर तयार नगरेको जनाई गतवर्ष २०७९।८० मा देहायका ४ योजनाको डिपिआर तयार गरेको विवरण प्रस्तुत गरेको छ । विगतमा तयार भएका डिपिआरको अभिलेख अद्यावधिक गरी तयार भएका सवै डिपिआर कार्यान्वियनमा लैजानुपर्दछ । गाउँपालिकाले तयार गरेका विस्तृत परियोजना प्रतिवेदन(डिपिआर) जिन्सीमा आम्दानी नबाँधेको, ३ वटा लेखापरीक्षण अवधिसम्म कार्यान्वियनमा नगएको तथा २०८१।८२ को वार्षिक बजेटमा समेत उक्त परियोजना प्रतिवेदन कार्यान्वियनको लागि बजेट सुनिश्चित भएको देखिएन । तसर्थ, पालिकाले आफ्नो आन्तरिक स्रोतबाट कार्यान्वयन गर्न सकिने तथा बजेट सुनिश्चित भएको योजनाको मात्र विस्तृत परियोजना प्रतिवेदन तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

योजनाको नाम	खर्च रू.	कैफियत
ओखलसैनी खेल मैदान	७९८९१०	कार्यान्वयन भैरहेको
बहुउद्देश्यीय सामुदायिक भवन निर्माण	८०१९७६	कार्यान्वयन नभएको
सिगास गाउँपालिकामा सेमिनार हल निर्माण	४९४९४०	कार्यान्वयन नभएको
गहतपिड-वडा कार्यालय ५ गुने सडक निर्माण	३४०१३०	कार्यान्वयन नभएको

३०.६ **दिवा खाजाः** दिवा खाजा ब्यवस्थापन सहयोगी पुस्तिका, २०७७ को दफा ६ मा विद्यालयमा प्रारम्भिक वाल विकासदेखि कक्षा ५ सम्मका अध्ययनरत विद्यार्थीको उपस्थिति सत्यापन (हेड काउण्ट) समेत सुनिश्चित गरेर मात्र दिवा खाजा उपलव्ध गराउनुपर्ने ब्यवस्था छ । गाउँपालिकाले देहाय अनुसार ६१ विद्यालय मध्ये शारदा माध्यमिक विद्यालयमा दिवा खाजा निकासा नगरेको तथा ठुल्सैनी आधारभूत विद्यालयलाई २०८० माघदेखि चैत्रको निकासा छुट भनी रू. ६९६००।०० समेत रू. ११६८५०।०० र कूल निकासा रू. १०२३९८८५।०० गरेको पाइयो । गाउँपालिकाले यो वर्ष विद्यालयलाई दिवाखाजा निकासा गर्दा विद्यालयले पेश गरेको विद्यार्थीको हाजिरी वमोजिम मात्र निकासा गरेको पाइयो । उक्त हाजिरीको अनुगमन तथा सत्यापन नगरी विद्यालयको दिवा खाजामा खर्च भएकोले विद्यार्थी संख्यालाई सत्यापन गरेर मात्र दिवा खाजाको रकम निकासा गर्नुपर्दछ ।

(विस्तृत विवरण बेरूजु दफा ३०.६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३१ वढी भुक्तानी

ठेक्का अभिलेख तथा वढी भुक्तानीः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ मा सार्वजनिक निकायले खरिद कारवाहीको अभिलेख राख्नुपर्ने तथा नियम १२३ बमोजिम प्राविधिक मूल्यांकन अनुसार भुक्तानी गर्नुपर्ने ब्यवस्था छ । गाउँपालिकाले ठेक्का सम्झौताबाट भएको कामको अभिलेख (म ले प फा नं ५०६ बमोजिमको ढाँचामा ठेक्कागत अभिलेख खाता र म ले प फा नं ५०७ बमोजिम ठेक्का सम्बन्धी गोश्वारा लगत) राखेको पाइएन । गाउँपालिकाले नागार्जुन कन्स्ट्रक्सन दार्चुलाबाट लगन साउनखेत गर्जे सडक स्तरोन्नति वडा नं. ३ र ४ मा गराई रू. २४९४५६७८।०० भुक्तानी गर्दा गाउँपालिकाको ब्रेकर र एस्काभेटर १११ घण्टा प्रयोग गरी रू. २००।०० का दरले अपरेटर भत्ता रू. २२२००।०० घटाई भुक्तानी गर्नुपर्नेमा नघटाई निर्माण ब्यवसायीलाई नै भुक्तानी गरेको छ । उक्त रकम असुल गर्नुपर्ने रू.

असुल गर्नुपर्ने	२२,२००

३२ कानून र संञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनसक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २२ वटा ऐन, ४ वटा नियमावली, ५८ कार्यविधि लगायत ८४ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । साथै पालिकाले ३५ वटा कानूनहरु निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन । तसर्थ, उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनुपर्दछ ।

३३ सार्वजनिक परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नुपर्दछ ।

३४ आन्तरीक लेखापरीक्षण बाट देखिएका व्याहोरा

३४.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८५ मा आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको बेरुजु अन्तिम लेखापरीक्षण हुनु अगावै फर्स्यौट गरी अन्तिम लेखापरीक्षकलाई पेस गर्नुपर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक लेखापरीक्षणबाट बेरुजु औंल्याएका देहाएका व्यहोरा फर्स्यौट गरी पेस गरेको छैन । उक्त व्यहोराहरू तोकिए बमोजिम फर्स्यौट गर्नुपर्दछ ।

खर्चको पुष्ट्याई

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपदफा ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्चलाई पुष्टि गर्ने बिल, भरपाई, प्रमाण कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले तपशिल बमोजिमको भुक्तानीमा खर्चलाई पुष्टि गर्ने बिल, भरपाई, प्रमाण तथा कागजात संलग्न नगरी रू. ३४६९४८२।०० खर्च गरेको छ । उक्त खर्च पुष्टि गर्ने कागजात पेश गर्नुपर्ने अन्यथा अशुल हुनुपर्ने रू.

गो.भौ.न.। मिति	कार्यक्रम	भुक्तानी प्राप्तकर्ताको नाम	विवरण	खर्च रकम
२६५-२०८०/१२/२८	गाँउपालिका चालु	एम ए डब्लु अर्थ मुभर्स प्रालि	JCB ब्याक्होलोडर मर्मतको मर्मत आदेश संलग्न नभएको	१२०३४९।००
४११-२०८१/०३/१५	गाँउपालिका चालु	बीर सिंह ऐरी	घर भाडा खर्चको सम्झौता पेस नगरेको	६०००।००
४२८-२०८१/०३/१६	गाँउपालिका चालु	सिगास सांस्कृतिक संरक्षण समितिले	खाना खाजा कोठा भाडा वापतको बिल पेस नगरेको	५५०२५।००
४४६-२०८१/०३/१७	गाँउपालिका चालु	राजेन्द्र बहादुर चन्द	सवारी साधन मर्मत आदेश संलग्न नगरेको	१८६६६।००
४९३-२०८१/०३/२२	गाँउपालिका चालु	राजेन्द्र सिंह साउँद	कम्प्युटर मर्मत आदेश र जिन्सी दाखिला प्रतिवेदन पेस नगरेको	२०८०४।००
१२९-२०८१/०३/१३	संघीय सशर्त चालु	डम्बर सिंह ऐर	खाजाको बिल नराखी भरपाई पेस गरेको	४६५०।००
१९१-२०८१/०३/२१	संघीय सशर्त चालु	सिर्जनशील सामुदायिक सिकाई केन्द्र	वैकल्पिक शिक्षा कार्यक्रम बाट खाना खाजाको बिल पेस नगरी भरपाई संलग्न गरेको	३००००।००
जम्मा				२५५४९४।००

प्रमाण पेश नगरेको	२,५५,४९४

३४.२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपदफा ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्चलाई पुष्टि गर्ने बिल, भरपाई, प्रमाण कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले तपशिल बमोजिमको भुक्तानीमा खर्चलाई पुष्टि गर्ने बिल, भरपाई, प्रमाण तथा कागजात संलग्न नगरी रू. १८१५६।०० खर्च गरेको छ । उक्त रकम असुल हुनुपर्ने रू.

गो.भौ.न.।मिति	कार्यक्रम	भुक्तानी पाउनेको नाम	विवरण	रकम
१०६। २०८१/०३/१५	गापा पुँजीतर्फ	सिन्याखेत गाउँघर क्लिनिक	बढीभुक्तानी बापत	१०००।००
१३८। २०८१/०३/२१	गापा पुँजीतर्फ	ढुङ्गाड सेती नदी डाइभर्सन	बहाल कर बापत	५४०।००
२३। २०८१/०३/२१	सुदूरपश्चिम प्रदेश सरकारको सशर्त कार्यक्रम	केदार बहुउद्देश्यीय महिला कृषि समूह	बहाल कर बापत	२०००।००
१७०। २०८१/०३/१५	संघीय सशर्त	रमेश सिंह साउँद	सामाजिक सुरक्षाकर र बिल पेस नगरे बापत	१४६१६।००
जम्मा				१८१५६।००

✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-२१** को निर्णयले रू **१,१७७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-२१** को निर्णयले रू **३००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-२१** को निर्णयले रू **४,१६१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-२१** को निर्णयले रू **५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	१८,१५६

३५ **करार कर्मचारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले विभिन्न पदमा ७८ जना कर्मचारीहरु करारमा राखी रू. १७५६३९५०।०० खर्च लेखेको छ ।

त्यसैगरी सोही ऐनको दफा ८३ (८) मा पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, माली, बगैँचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । उक्त पद बाहेक गाउँपालिकामा कार्यरत ७८ जनामध्ये देहायका पदमा ३३ जना कर्मचारी करारमा लिई रू. १११८१४९०।०० खर्च गरेको छ । करारमा कर्मचारी राखी पारिश्रमिक खर्च गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्दछ ।

क्र.सं.	पद/तह	संख्या	तलबभत्ता
१.	अ न मी	२०	६७०००००।००
२.	अ हे व	१०	३३५००००।००
३.	ल्या अ	२	६७००००।००
४.	हे अ	१	४६१४९०।००
जम्मा		३३	१११८१४९०।००

३६ **तलव भत्ता**

निजामती सेवा ऐन, २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नुपर्ने उल्लेख छ । पालिकाले यो वर्ष रू. १६५०५२१३।३२ खर्च गरेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

३७ **घर भाडा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४ (१) अनुसार क्षेत्रीय र जिल्ला स्तरको सार्वजनिक निकायको हकमा त्यस्तो निकाय र जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति र कोष तथा लेखा नियन्त्रक कार्यालयको सूचनापाटीमा कम्तिमा ७ दिनको अवधिको सूचना टाँसगरी भाडाको प्रस्ताव माग गर्नुपर्ने र उपनियम ४ अनुसारको घर भाडा निर्धारण समितिले तय गरेको दर रेटको आधारमा घर भाडा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न वडा कार्यालय प्रयोजनको लागी घरभाडा रू. १८३६००।०० भुक्तानी गरेको पाईयो । घर भाडामा लिदा घर भाडा निर्धारण समितिले तय गरेको दर रेटको आधारमा मात्र लिनुपर्दछ ।

३८ **विज्ञापन शुल्क**

नियम पालन नगरी बिज्ञापन खर्चः विज्ञापन (नियमन गर्ने) (पहिलो संशोधन) नियमावली, २०८० को नियम ६ क. को उपनियम (२) मा सरकारी निकाय वा कार्यालयले सूचना तथा विज्ञापनको रकम भुक्तानी गर्दा सिधै सञ्चार माध्यम मार्फत कारोबार भएको भए सञ्चारमाध्यमले जारी गरेको विलबमोजिम तथा विज्ञापन एजेन्सीमार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको विलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने बिलको आधारमा भुक्तानी गर्नुपर्ने र यसरी भुक्तानी गर्दा बिज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २१(२)(ख) बमोजिम खर्च रकमको तीन प्रतिशत रकम बिज्ञापन बोर्डको कोषमा जम्मा गर्ने व्यवस्था छ । यस कार्यालयबाट भुक्तानी भएका केही सूचना तथा विज्ञापनको नमूना छनोट गरी परीक्षण गर्दा सञ्चारमाध्यमले जारी गरेको विलबमोजिम तथा विज्ञापन एजेन्सीमार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको विलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने बिलको आधारमा भुक्तानी नगरेको तथा तीन प्रतिशत रकम बिज्ञापन बोर्डको कोषमा जम्मा गरेको समेत देखिएन । यस कार्यालयबाट विज्ञापनबापत भुक्तानी गर्दा उल्लिखित ब्यहोरा अनुसार भए नभएको कार्यालयबाटै यकिन गरी निम्न अनुसार भुक्तानी गर्दा ३ प्रतिशतले हुने रकम बिज्ञापन बोर्डमा जम्मा गरेको प्रमाण पेश हुनुपर्ने रू.

भौचर नं./मिति	**भुक्तानी प्राप्तकर्ताको नाम**	**रकम**	**३% रकम विज्ञापन वोर्डमा जम्मा गर्नुपर्ने रू.**
५००।०८१।०३।२३	ग्वालेक मिडिया ग्रुप प्रा ली	२९४५९०।००	८८३७।७०
४९९।०८१।०३।२३	रेडियो सेभेन स्टार	८५०००।००	२५५०।००
५०२।०८१।०३।२३	जनसरोकार पोष्ट राष्ट्रिय दैनिक	१४२२८५।००	४२६८।५५
५०१।०८१।०३।२३	अपि विज्ञान एजेन्सी	१८१५३४।००	५४४६।०२
५०५।०८१।०३।२३	जि के एडभर्टाइजिङ	३३७०००।००	१०११०।००
जम्मा			३१२१२।२७

असुल गर्नुपर्ने	३१,२१२.२७

३९ **पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ बमोजिम खर्च गर्दा उपलब्धि समेतलाई ध्यान दिई खर्चको सुनिश्चितता गर्ने व्यवस्था छ । पालिकाले यो वर्ष पत्रपत्रिका तथा संचार गृहहरुलाई रू. ९९९३०९।०० खर्च गरेको पाईयो । तसर्थ, यस प्रकारको खर्चमा नियन्त्रण कायम गरी सार्वजनिक स्रोतको मितव्ययी उपयोग हुनुपर्दछ । केहि नमूना निम्नानुसार छनः

भौचर नं./मिति	भुक्तानी प्राप्तकर्ताको नाम	खर्च रू.
४९०।०८१।०३।२२	वासुलिङ्ग मिडिया	२००००।००
५००।०८१।०३।२३	ग्वालेक मिडिया ग्रुप प्रा ली	२९४५९०।००
४९९।०८१।०३।२३	रेडियो सेभेन स्टार	८५०००।००
५०२।०८१।०३।२३	जनसरोकार पोष्ट राष्ट्रिय दैनिक	१४२२८५।००

४० **भ्रमण खर्च**

सुदूरपश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम पालिकाले कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च र अनुगमन खर्च वापत रू. ३६५००००।०० खर्च गरेको छ । भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरू देहायबमोजिम छन:

-भ्रमण पश्चात तोकिएको ढाचाँमा भ्रमण प्रतिवेदन पेश वेगर भुक्तानी गरेको,

-कतिपय भ्रमणहरू पालिका वा कार्यालयसँग असम्बन्धित अन्तरपालिका भ्रमणमा गएको जनाई भुक्तानी गरेको ।

अत: स्पष्ट प्रयोजन र उद्देश्य वेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च गरेको अवस्थाबाट भ्रमण खर्च पालिकाको उच्च प्रयोजनमा उच्चतम उपयोग भएको छ भनि विस्वस्त हुने अवस्था रहेन । तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्च गर्दा पालिकाको प्रयोजनमा खर्च भएको सुनिश्चितता हुने व्यवस्था सहित सबै भ्रमण पश्चात भ्रमण प्रतिवेदन लिने व्यवस्था हुनुपर्दछ ।

४१ **अनुगमन, मूल्यांकन खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विभिन्न समयमा पदाधिकारी अनुगमन तथा भ्रमण गरी रू. १८९५५४।०० खर्च गरेको छ । अनुगमन भनि छुट्याायको रकम भ्रमणमा अधिक मात्रामा खर्च भएको छ । अनुगमन पश्चात तोकिएको ढाचाँमा प्रतिवेदन पेश वेगर भुक्तानी गरेको छ । अनुगमनको प्रभावकारीतालाई ध्यान राख्दै खर्चको शीर्षकमा रहि सोको औचित्य पुष्टी हुनेगरी मितव्ययीरुपमा खर्च हुनुपर्दछ ।

४२ **मेला तथा दिवस व्यवस्थापन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ४१ बमोजिम खर्च गर्दा उपलब्धि सुनिश्चित गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष मेला तथा दिवस व्यवस्थापन गर्दा उपलब्धि नहुने गरी खाजा नास्तामा खर्च तथा सो शीर्षकसंग तादम्यता नहुने विषयमा देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

गो.भौ.नं.।मिति	कार्यक्रम	रकम
२११।०८०।१२।०१	महिला दिवस कार्यक्रम	४००००।००
२३४।०८०।१२।२८	नारी दिवस (सबै वडालाई)	४०००००।००

४३ **नपाउने सुबिधा**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाच गर्नुपर्ने ब्यवस्था छ । पालिकाले देहायका ब्यक्तिलाई अनुगमन तथा भ्रमण भत्ता भुक्तानी गर्न पाउने आधार देखिएन । उक्त असुल गर्नुपर्ने रू.

गो.भौ.नं.	व्यक्तिकोनाम	भुक्तानीरकम	कैफियत
८७।०८०।०९।२२	महेन्द्र सिंह धामी	६२५०।००	दोहोरिएको (एउटै मितिमा दुई पटक भ्रमण विल पेश गरी भुक्तानी लिएको)
४७।०८०।०८।२३	रमेश सिंह साउद	५२००।००	भ्रमण खर्च नपाउने (पालिकाभित्रैको भ्रमण विल पेश गरेको)
	जम्मा	११४५०।००	

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-२१** को निर्णयले रू **१६,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-२१** को निर्णयले रू **१६,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	११,४५०

४४ **बढी भुक्तानी** (५००-२०८१-३-२३):

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-२१** को निर्णयले रू **२८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४५ **वितरणमुखी कार्यक्रम**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा पालिकाले योजना बनाउँदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने र जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने गरी योजना बनाई बजेट खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले दीर्घकालीन योजना बनाई बजेट खर्च गर्नु पर्नेमा अल्पकालीन कार्यक्रम वनाई वितरणमुखी खर्च गरेको देखिन्छ । पालिकाले यस किसिमले बजेट खर्च गर्दा जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने देखिदैन । अतः पालिकाले यस किसिमको वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै दीर्घकालीन र उत्पादनमुखी हुने गरी खर्च गरी वित्तीय अनुशासन कायम गर्नेतर्फ ध्यान पुर्‍याउनुपर्दछ ।

वितरणमुखी कार्यक्रमका नमुना विवरणहरू

गो.भौ. नं.।मिति	कार्यक्रमकोनाम	खर्च रू.
खर४८५।०८१।०३।२२	उपाध्यक्ष कोशेली कार्यक्रम	५८३६११।००
४१०।०८१।०३।१५	महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन	४२६०००।००
२८५।०८१।०१।१२	झोला वितरण कार्यक्रम	४२८१६०।००
१९।०८०।०६।२०	जेष्ठ नागरिकलाई सामाग्री वितरण	२७५२९५।००
जम्मा		१७१३०६६।००

४६ **अन्य कार्यालयको खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको सुरक्षा निकाय परिचालन/व्यवस्थापन, डडेल्धुरा जेसिस, रेडक्रस सोसाइटी डडेल्धुरा लगायत देहायका कार्यालय तथा संघ संस्थालाई रू. १४३५८०२।०० खर्च गरेको पाइयो । पालिकामा यस्तो प्रकृतिको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ । बजेटको सीमालाई ध्यानदिई यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

गो.भौ.नं.।मिति	कार्यालय संघ संस्थाको नाम	रकम
९८।०८०।०९।०४	सांस्कृतिक समाज नेपाल	८५००।००
१२१।०८०।०९।२६	जिल्ला प्रशासन कार्यालय, बैतडी	५५०००।००
५०।०८०।०८।१३	सुरक्षा निकाय संचालन तथा व्यवस्थापन	५३२४२।००
१५३।०८०।११।०३	नेपाल सितारियो कराते महासंघ शाखा डोजो सिगास बैतडी	१०००००।००
३०१।०८१।०१।२५	सिगास शिक्षा क्याम्पस	५०००००।००
४२८।०८१।०३।१६	श्री सिगास सांस्कृतिक संरक्षण समिति	२०००००।००
४५०।०८१।०३।२१	अपि सैपाल विकास मञ्च	४६८०६०।००
४२४।०८१।०३।१६	देवकि धामीलाई प्रोत्साहन	५१०००।००
जम्मा		१४३५८०२।००

४७ **फरक शीर्षक**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ मा कार्यालय प्रमुखले स्वीकृत बजेट खर्च गर्दा स्वीकृत बजेट खर्च शीर्षक तथा कार्यक्रमको सीमा भित्र रहि खर्च गर्नुपर्ने हुन्छ । पालिकाले निम्नबमोजिम कार्यक्रममा विनियोजन भएको बजेट रकम सो भन्दा फरक प्रयोजनमा खर्च गरेको देखिएकोले यस्तो खर्च रकम नियमित गर्नुपर्ने रू.

गो.भौ.नं. र मिति	खर्च शिर्षक	खर्च गरिएको कायक्रम	खर्च रू.
३५०।०८१।०१।२९	उद्धार, राहत तथा पुनर्स्थापना खर्च	सडक सरसफाइ	९५१७२९।००
३५०।०८१।०१।२९	निर्मित सार्वजनिक सम्पतिको मर्मत सम्भार	इन्धन	२०९४९५।००
४३८।०८१।०३।१७	अन्य कार्यालय संचालन	सवारी साधन भाडा	३९०००।००
५०९।०८१।०३।२२	अन्य संस्था सहायतता तथा सभा संचालन	विविध (होटल)	१४७७५०।००
५०६।०८१।०३।२३	सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी	सवारीसाधन भाडा	४२५०००।००
५०४।०८१।०३।२३	अन्य संस्था सहायतता	सोलार सामग्री खरिद	४४२०४३।००
		अनियमित भएको	२२,१५,०१७

४८ **कर्मचारी भत्ता**

४८.१ **फिल्ड भत्ताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६(२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । गाँउपालिकाले फिल्ड भत्ता सम्बन्धी ऐन, नियम तथा निर्देशिका बनाएको देखिएन । गाउँपालिकाले इन्जिनियर लगायत ५ कर्मचारीलाई कानुन तथा कार्यविधि नबनाई रू. ९६००००।०० प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ । पालिकाको यो वर्ष कुल आन्तरिक आम्दानी रू. १०४३९९११ रहेकोमा उक्त खर्च आयको ९.२० प्रतिशत हुन जान्छ । पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ ।

४८.२ **अन्य भत्ताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६(२) बमोजिम स्थानीय सेवाको गठन,

सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । पालिकाले अन्य भत्ता सम्बन्धी ऐन, नियम तथा निर्देशिका बनाएको देखिएन । गाउँपालिकाले यो वर्ष अन्य भत्ता स्वरुप रू. १६९५९९।०० खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ । पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ ।

४९ **खर्चमा मितव्ययीता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष रू. १०४३९९११।०० आन्तरिक आय गरेकोमा देहाय अनुसार खर्च गरेको छ । आन्तरिक आय समेतलाई ध्यान दिई यस्तो खर्चमा मितव्ययिता अपनाउनुपर्दछ ।

सि.न.	खर्च शीर्षक	खर्च रू.	आयको खर्च प्रतिशत
१	इन्धन	१३४४२९७	१२.८८
२	सवारी साधन तथा मेशिनरी औजार भाडा	७९९०००	७.६५
३	निर्मित सार्वजनिक सम्पतिहरुको संचालन तथा सम्भार खर्च	१७६८८३१	१६.९५
४	सवारी साभन मर्मत खर्च	१२०९४०३	११.६०
५	मसलन्द तथा कार्यालय सामग्रि खर्च	२५२१४८३	२४.१५
६	मेशिनरी तथा औजार मर्मत संभार तथा संचालन खर्च	२९१२८९८	२७.९०

५० **गत आ.व.को भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ (घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्व मध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ । पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रू. ८६५९०१।०० भुक्तानी गरेको छ । ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ । पालिकाले गतवर्षको भुक्तानी हुन बाँकी देहायको रकम यो वर्ष भुक्तानी भएकोमा प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित गरी राखिएको भएतापनि बजेटमा उक्त खर्चको लागि अलगै बजेट शिर्षक दिई बजेट बिनियोजन भएको देखिएन । तसर्थ, चालु आर्थिक वर्षको लागि विनियोजित बजेटबाट गत वर्ष भएको खर्चको भुक्तानी भएको रकमलाई बजेटमा समावेश गरी खर्च गर्नुपर्दछ ।

गो.भौ.नं. र मिति	कार्यक्रम	भुक्तानी रू.
३५५।०८१।०१।२९	लक्षित वर्ग आरन सामग्री	३९१३०६।००
१७०।०८०।११।१३	किसान सुचिकरण कार्यक्रम	१५३४१५।००
३४६।०८१।०१।२८	पशु विकास कार्यक्रम	२३८३१७।००
३४०।०८१।०१।२८	कृषि तर्फको मेशिन खरिद	२३६२७८।००
जम्मा		१०१९३१६।००

५१ **सामाजिक सुरक्षा भत्ता**

५१.१ **सामाजिक सुरक्षा भत्ताः** यस गाँउपालिकाले यस आर्थिक वर्ष २०८०/०८१ मा सामाजिक सुरक्षा भत्ता रू. १०३०६२०६६।०० वितरण गरेको विवरण उपलब्ध गराएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छनः

सामाजिक सुरक्षा भत्ता पाउने समुह	कायम संङ्ख्या	वितरण गरेको संङ्ख्या	वितरण गरेको रू	फिर्ता रू
अन्य जेष्ठ नागरिक भत्ता	४८५३।००	४८४७।००	५७७५०३२१।००	१५६०००।००
जेष्ठ नागरिक भत्ता (दलित)	५१४।००	५१४।००	३९९९५९०।००	
जेष्ठ नागरिक एकल महिला	५६६।००	५६६।००	४५२०६०।००	
विधवा महिला (आर्थिक सहायता)	१५०३।००	१५०३।००	११८७९५६०।००	
पूर्ण अपाङ्गता भत्ता (क वर्ग)	४८५।००	४८५।००	५७८३६२०।००	
अति अशक्त अपाङ्गता भत्ता (ख वर्ग)	९४९।००	९४९।००	६०११८०६।००	
दलित बालबालिका	२०७०।००	२०७०।००	३१६०८५८।००	
क्षेत्र तोकिएका बालबालिका	९१३८।००	९१३५।००	१४०२४२५१।००	३९९००।००
जम्मा (चार वटै त्रैमासिक)			१०३०६२०६६।००	१९५९००।००

५१.२ **निष्क्रिय खाताको विवरण नभएकोः** सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २६ अनुसार सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा संघीय संचित कोषमा फिर्ता गर्नुपर्दछ । पालिकाले यो आर्थिक वर्षमा लाभग्राहीको संख्या अनुसार सामाजिक सुरक्षा भत्ता बैंक मार्फत भुक्तानी गरेको तर बैकबाट हालसम्मका निष्क्रिय (डोरम्याट) खाताको विवरण पालिकाले उपलब्ध नगराएबाट लाभग्राहीको खातामा जम्मा भएको तर निष्कि्रय रुपमा रहेको रकम एकिन हुन सकेन । बैंकबाट हालसम्मका सम्पुर्ण डोरम्याट खाताको विवरण प्राप्त गरी निष्क्रिय खातामा रहेको रकम संघीय संचित कोषमा फिर्ता गर्नुपर्दछ ।

५१.३ **के वाइ सी अद्यावधिक नभएकोः** सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २४ अनुसार बैंकले सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको नाममा शुन्य मौज्दातमा खाता खोली जम्मा गरिदिने र सम्बन्धित लाभग्राहीले कागजात पेश गरे पश्चात खाता सक्रिय हुने उल्लेख छ । बैंकले पालिकाबाट प्राप्त सबै रकम सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरेको फर्वाड फिड उपलब्ध गराएतापनि लाभग्राहीको खाता अध्यावधिक भइ सक्रिय र निश्क्रिय खाताको अवस्था खुलेको विवरण उपलब्ध गराएको छैन । यसबाट खर्च रकम सबै लाभग्राही बुझे नबुझेको एकिन हुन सकिएन । अतः बैंकबाट खाता सक्रिय भएको विवरण प्राप्त गरी लाभग्राहीको खाता अध्यावधिक गर्नुपर्दछ ।

५१.४ **मृतकको भत्ता वितरण-**

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-२७** को निर्णयले रू **३५,३६१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५२ **शिक्षातर्फ**

५२.१ **पाठ्यपुस्तक अनुदानको बढी भुक्तानीः** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट जारी निर्देशिका कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।०८१ को २.८.३ क्रियाकलाप न. २.४.६.१मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तहअन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी

सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्ययपुस्तकको सङ्ख्या यकिन गर्ने र पाठ्यपुस्तकवापतको रकम निकासा गर्ने व्यवस्था छ । पालिकाले विद्यालयलाई विद्यार्थीको यथार्थ तथ्याङ्कभन्दा बढी निकासा गरेको छ । अतः असुल गरी संचित कोषमा दाखिला गर्नुपर्ने रकम रू.

क्र.सं.	**विद्यालयको नाम**	**निकासा हुनुपर्ने**		**फरक (रू.)**
		हुनुपर्ने	**भएको**	
१.	भुवन भास्कर मा.वि. चमडेखर्क	१९३४८८	२०६९३५	१३४४७
जम्मा				**१३४४७**

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१९** को निर्णयले रू **१७,६१३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	१३,४४७

५२.२ **पुस्तकालय र विज्ञान प्रयोगशालाः** शिक्षा तथा मानव सोत विकास केन्द्रको च.न. १६५ मिति २०८०/०३/०५ को पत्रानुसार यस कार्यक्रमहरूमा तोकिएको स्वीकृत कोटा तथा बजेटको परिधिमा पुस्तकालय नभएका माध्यमिक विद्यालयहरू, गत विगत आ.व.मा पुस्तकालय व्यवस्थापन अनुदान प्राप्त नगरेका माध्यमिक विद्यालयहरू, विद्यार्थी सङ्ख्या उच्च रहेका विद्यालयहरू, पुस्तकालय व्यवस्थापनका लागि आवश्यक कक्षाकोठा रहेका विद्यालयहरू विद्यालय छनोट गर्ने । यदि स्थानीय तहका सबै माध्यमिक तहले यस प्रकारको एक पटक अनुदान प्राप्त गरी सकेको सुनिश्चित गरी उच्च विद्यार्थी सङ्ख्या भएको अनुमतिले जेष्ठता क्रममा आधारभूत तह कक्षा १-८ सञ्चालित विद्यालयहरूलाई अनुदान उपलब्ध गराउन सकिने व्यवस्था छ । पालिकाले कार्यान्वयन पुस्तिकामा तोकिएको मापदण्ड विपरित मिति २०८०।०२।०२ गतेको कार्यपालिकाको निर्णयबाट निम्न विद्यालयहरूलाई अनुदान वितरण गरेको छ । पालिकाले मापदण्ड विपरित अनुदान वितरण गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्दछ ।

क्र.सं.	विद्यालयको नाम	अनुदानको प्रकार	रकम (रू.)
१	शिवलिङ माविं-०२ बगरधौलाडी	विज्ञान प्रयोगशाला	६५००००।००
२	भुवन भास्कर मावि-०३ चमडेखर्क	विज्ञान प्रयोगशाला	६५००००।००
३	गणेश मा.वि-०६ लेकम	विज्ञान प्रयोगशाला	६५००००।००
४	सरस्वती आ.वि.-०७ बगाली	पुस्तकालय	६५००००।००
	शंकरपुर आ.वि.-०९ चौखाम	पुस्तकालय	६५००००।००
जम्मा रू.			३२५००००।००

५२.३ **दिवा खाजा -** आर्थिक वर्ष २०८०/८१ को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम पुस्तिका २०८०/८१ को अनुसूची ४(ख) मा ४ देखि ९ बर्ष उमेरका बालबालिकाका लागि दैनिक आवश्यक पर्ने वृहत र सुक्ष्म पोषक तत्वको मात्रा तोकिएको छ । त्यसैगरी उक्त अनुसूचीले दिवा खाजा व्यवस्थापन सम्बन्धमा दिवा खाजाका लागि स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्न प्रयोग गरी विद्यालयमा दिवा खाजा तयार गरी विद्यार्थीलाई उपलब्ध गराउने, विद्यालय व्यवस्थापन समितिले अभिभावक आमा समूहमार्फत खाजा व्यवस्थापनको प्रत्यक्ष रेखदेख तथा अनुगमनको व्यवस्था मिलाउन सक्ने र दिवा खाजाका लागि विद्यार्थीलाई नगद उपलब्ध नगराउने उल्लेख छ । पालिकाले सशर्त अनुदानबाट कुल ६१ विद्यालयका लागि खाजा वापत रू. १०२३९८८५।०० विद्यालयको खातामा रकम निकासा गरेको पाइयो । दिवा खाजा कार्यक्रमको लक्ष्य बमोजिम खर्च भएको सम्बन्धमा पालिकाले अनुगमन गरेको पाइएन । निकासा

गरेको रकमको सदुपयोग भए नभएको र विद्यार्थीहरुले तोकिए बमोजिमका पौष्टिकयुक्त खानेकुरा पाए नपाएको सम्बन्धमा पालिका र अन्य कुनै सम्बन्धित निकायबाट अनुगमन हुने गरेको नदेखिएकोले निकासा गरेको रकमको सहि सदुपयोचग भएको छ छैन एकिन हुन सकिएन । त्यसैले पालिका र यससँग सम्बन्धित निकायले अनुगमन गरी सहि सदुपयोगको सुनिश्चितता गर्नुपर्दछ ।

५२.४ **पाठ्यपुस्तक अनुदानः** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट जारी निर्देशिका कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।०८१ को २.८.३ क्रियाकलाप नं. २.४.६.१ सार्वजनिक विद्यालयका विद्यार्थीहरूका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान वितरण गर्दा विद्यालयले पठाएको विवरण र पालिकाको आइ ई एम आइ एस को अनुसार वितरण गर्ने र सो को भरपाई र अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले निम्न विद्यालयलका कक्षा ११ र १२ का बिद्यार्थीहरूलाई पुस्तक वितरण गरेको भरपाईहरू पेश गरेको छैन । पालिकाले भरपाई पेश गर्नुपर्ने रू.

क्र.सं.	**विद्यालयको नाम**	**विद्यार्थी संख्या**		**निकासा रकम (रू.)**
		कक्षा ११	**कक्षा १२**	
१	श्री अर्जुन मा.वि. गाँजरी	९८	९५	५६३८२
२	सिगास मा.वि. रक्सौन	६२	५७	४१३९८
३	लेकलुपुण मा.वि. गढ	५५	४३	३३७८९
जम्मा रकम				१३१५६९

प्रमाण पेश नगरेको	३,३२,७१७

५२.५ **कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानः** स्थानीय तहले शैक्षिक, व्यवस्थापकीय सुधार, सुशासनमा उत्कृष्ट कार्य गरेका उत्कृष्ट विद्यालय छनोट गर्दा कम्तीमा आधारभूततर्फ १०० विद्यार्थी र माध्यमिकतर्फ २०० विद्यार्थी भएका विद्यालयहरूमध्ये सामाजिक परीक्षण मापदण्ड, २०७८ ले तोकेको विधि, प्रक्रिया र पद्धतिबमोजिम प्राप्त गरेको समष्टिगत अङ्कलाई आधार मान्ने र उच्चतम अङ्क प्राप्त गर्ने प्रथम र द्वितीय हुने विद्यालयलाई क्रमशः तीन लाख र दुई लाख निकासा गर्ने, विद्यालयले प्राप्त गरेको अनुदानबाट विद्यालयको आवश्यकताका आधारमा शैक्षिक तथा व्यवस्थापकीय पक्षमा गरिने सुधार शिक्षक कर्मचारी क्षमता विकास, अभिभावक सचेतना तथा शिक्षा, स्थलगत अध्ययन भ्रमण, प्रविधियुक्त सिकाइ, छिमेकी विद्यालयसँगको अन्तर्क्रिया एवम् विद्यालयका मौलिक अभ्यासलाई प्राथमिकता दिनेगरी विद्यालय व्यवस्थापन समितिका निर्णय अनुसार खर्च गर्ने, विद्यालयले सम्पादित कार्यका आवधिक प्रगति प्रतिवेदन स्थानीय तह र शिक्षा तथा मानव सोत विकास केन्द्रका विद्यालय शिक्षा मापदण्ड निर्धारण शाखामा नियमित रुपमा पठाउने, स्थानीय तहले प्रस्ताव अनुसार अनुदान रकमको उपयोगको अवस्थाका सम्बन्धमा नियमित अनुगमन गर्ने व्यवस्था छ । पालिकाले सो बेगर देहायका बिद्यालयलाई रू. ५०००००।०० निकासा गरेको छ । कार्यसम्पादनमा आधारित भएको जनिने विवरण संलग्न गरेर मात्र खर्च लेख्नुपर्दछ ।

क्र.स.	विद्यालयहरूकोनाम	खातानम्बर	रकम
	श्री शिवलिङ्ग मा.वि. सिगास २ बगर धौलाडी	०८२६६०१८८२२५१०१२	३०००००
	श्री भुवनभाष्कर मा.वि. सिगास ३, चमडेखर्क	०८२६६०१८९३५५४०१७	२०००००
कुल जम्मा			५०००००

५२.६

शैक्षिक गुणस्तरः सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय सरकारको अग्रणी भूमिका हुने व्यवस्था अनुरुप सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत नागरिकको छनौटको विद्यालयको रुपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको ख्याति स्थापित गर्न स्थानिय तहले बाल विकास केन्द्रहरुको पुनर्वितरण तथा सञ्चालनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामाग्रीमा समसममयिक सुधार, प्रधानाध्यापकहरुको व्यवस्थापकिय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनौट प्रकृयामा सुधार, शिक्षक तालिम तथा पेसागत विकासलाई सुदृढिकरण, शिक्षक प्रशंसा तथा प्रोत्साहनको व्यवस्था गरी उत्प्रेणा अभिवृद्धि, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन, विद्यार्थी मूल्याङ्कन प्रणालीमा सुधार, विद्यालय र नागरिकबीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यवसायिक शिक्षामा सुधार जस्ता कुराहरुलाई समेटी शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नुपर्नेमा सो सम्बन्धी कार्य गरेको देखिएन । यसमा सुधारका लागि पालिकाको ध्यान जानुपर्दछ ।

५२.७ **अनुगमन नियमन व्यवस्थाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यामिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्यांकन तथा नियमन सम्बन्धि कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन । जसबाट विद्यालय अनुगमन कार्यका साथै शिक्षण शिकाई कार्य प्रभावकारीरुपमा संचालन हुन नसक्ने देखिएकोले मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारीरुपमा सञ्चालन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

५३ स्वास्थ्यतर्फ

५३.१ (१९७-२०८१-३-२२):

औषधी खरिदः सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ मा सार्वजनिक खरिदलाई बढी भन्दा बढी प्रतिस्पर्धी र मितव्ययी बनाउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष स्वास्थ्य चौकिबाट निःशुल्क वितरणको लागि मिति २०८१/०३/०८ को निर्णयबाट लागत अनुमान रू.१८०२२७२।०० (मुअकर सहित) तयार गरी खुल्ला बोलपत्रद्धारा रौलाकेदार मेडिसिन, अत्तरियासँग सम्झौता गरी ५९ प्रतिशत घटीमा भौचर नं. १९६।२०८१।०३।२२ बाट रू. ७४१४८१।०० (मुअकर सहित) भुक्तानी गरेको छ । त्यसैगरी पालिकाले पुनः मिति २०८१।०३।०८ को निर्णयबाट रू. ११२२०००।०० (मुअकर सहित) को लागत अनुमान तयार गरी सोझै खरिद विधिबाट कफलासैनी मेडिसिन सप्लायर्स, अत्तरियाबाट ०.९९ प्रतिशत घटीमा सम्झौता गरी भौचर नं. १९७।२०८१।०३।२२ बाट रू. १११०८२२।०० (मुअकर सहित) भुक्तानी गरेको छ । पालिकाले जानकारी गराए अनुसार अघिल्लो पटकको जस्तै उस्तै प्रकारको निशुल्क वितरणको लागि औषधीहरू खरिद गरेको जनाएको छ । रौलाकेदार मेडिसिन, अत्तरियासँग आपसी सम्झौता गरी ५९ प्रतिशत न्यूनमा खरिद गर्नुपर्नेमा फरक सप्लायर्ससँग ०.९९ प्रतिशत न्यूनमा खरिद गर्दा रू. ६५०८७२।०० व्ययभार परेको छ । सार्वजनिक खरिद ऐन, नियम बमोजिम प्रतिस्पर्धीको लाभ प्राप्त हुने गरी खरिद कार्य सञ्चालन गर्नुपर्दछ ।

५३.२ **तलवी प्रतिवेदनः** निजामती सेवा ऐन, २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नुपर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई संघीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्यतर्फ ३२ कर्मचारीको रू. २०८९८१७१।०० खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

५३.३ **सोझै खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१क) मा पच्चीस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान वा नेपालमा उत्पादित मालसामान त्यस्तो मालसामानको उत्पादकले राष्ट्रियस्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिनेछ । यसरी सौझै खरिद गर्दा उपलब्ध भएसम्म नेपाल गुणस्तर चिन्ह प्राप्त मालसामान खरिद गर्नुपर्नेछ । पालिकाले यस बर्ष दुई पटक रू. २८२१९९२।३९ (मुअकर सहित) को लागत अनुमान तयार गरी भौचर नं. १४४।२०८०।१०।२९ र

भौचर नं. १९७।२०८१।०३।२२ बाट तोकिएको सीमा भन्दा बढी रू. २७०१८२०।०० (मुअकर सहित) भुक्तानी गरेको छ । त्यसैगरी खरिद गरेको औषधिहरू नेपाल गुणस्तर चिन्ह प्राप्त हो भन्ने पालिकाले विवरण पेश नगरेको हुँदा नेपाल गुणस्तर चिन्ह प्राप्त हो भन्ने विश्वस्त हुन सकिएन । पालिकाले यसतर्फ ध्यान पुर्‍याउनुपर्दछ ।

५३.४ **स्वास्थ्य सेवाः** स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभागद्धारा जारी गरेको वेभवेस सफ्टवयेर इ एल एम आइ एस Electronic Logistics Management Information System (eLMIS) प्रणालीमा पालिकाको औषधीहरूको Out of stock, Low Stock, Ideal Stock र Over Stock को बारेमा ड्यासबोर्डमा नै देख्न सकिन्छ । पालिकाले यस आर्थिक वर्षको शुरूमा औषधीको मौज्दात नभएको हुँदा नागरिकहरूमा निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउन नसकिएको भनी सुयोग्य फार्मेसी, धनगढीबाट सोझै रू. १५९०९९८।०० (मुअकर सहित) को औषधि खरिद गरेको छ । औषधिहरूको मौज्दातहरूको सम्पूर्ण विवरणहरू स्पष्टसँग देख्न सकिने प्रणाली हुँदा पनि स्वास्थ्यजस्तो संवेदनशील विषयमा गम्भिर बनेको देखिदैन । पालिकाले उक्त प्रणालीको समुचित प्रयोग गरी स्वास्थ्य सेवालाई प्रभावकारी बनाउनुपर्दछ ।

५३.५ **औषधिको गुणस्तर परीक्षणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (१) सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने र (४) उपनियम (२) बमोजिमको निकाय, अधिकारी वा समितिले आपूर्ति गरिएका मालसामान निरीक्षण वा परीक्षण गर्दा त्यस्तो सार्वजनिक निकायले त्यस्तो मालसामानको नमूना र विशिष्टता सिलबन्दी गरी राखेको भए त्यस्तो नमूना र विशिष्टता बमोजिम जाँच गर्नुपर्नेछ । त्यसरी जाँच गर्दा त्यस्तो नमूना र विशिष्टता अनुरुप भएको मालसामान स्वीकृत गरी नभएका मालसामान आपूर्तिकर्तालाई नै फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष निःशुल्क वितरणको लागि ३ पटक गरी रू. ३४४३३०१।०० (मुअकर सहित) भुक्तानी गरेको छ । खरिद पुर्व औषधिहरूको स्फेसिफिकेशन निर्धारण गरे पनि गुणस्तर परिक्षण गरेको छैन जसले गर्दा गुणस्तरीय औषधिहरू प्राप्त भएको भनि विश्वस्त हुन सकिएन । पालिकाले यसतर्फ ध्यान पुर्‍याउनुपर्दछ ।

५४ **पुँजिगततर्फ**

५४.१ **पेश्कीको अनुगमनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवाप्रदायकलाई खरिद सम्झौतामा व्यवस्था भए बमोजिम पेश्की दिन सकिने र दिइएको पेश्की रकम जम्मा भएको बैंकको खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकले सार्वजनिक निकायलाई नियमित रूपमा उपलब्ध गराउनु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विभिन्न निर्माण व्यवसायीहरूलाई पेस्की दिइएकोमा उक्त पेश्की रकमको खर्चको प्रयोजन खुल्ने मासिक विवरण पालिकालाई पेश गरेको छैन भने पालिकाबाट पनि सो रकमको अनुगमन भएको छैन । पेश्की रकम जुन प्रयोजनको लागि लिएको सो बमोजिम खर्च भए नभएको सम्बन्धमा पालिकाले अनुगमन गरी पेश्की सदुपयोगको सुनिश्चितता गर्नुपर्दछ ।

५४.२ **भवन निर्माण कार्यः** सार्वजनिक खरिद नियमावली**,** २०६४ को नियम १२३ सार्वजनिक निकायले बिल वा बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले भवन निर्माणवापतको अन्तिम भुक्तानीमा Masonry Wall आइटमको भुक्तानी गर्दा पिल्लर (Column) को भाग नघटाई पुरै भुक्तानी गरेको छ । अतः बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रू.

क्र.सं.	भौचर नं. र मिति	उपभोक्ता समितिको नाम	Long wall Qty. (Cum)	Column Qty. (Cum)	हुनुपर्ने	BOQ दर	बढी रकम
१.	२ र १८ (पुँजीगत)	महादेव आ.वि. शौचालय निर्माण उपभोक्ता समिति	13.40	0.75	12.66	5342.84	3985।17
४.	२२ र ८४ (पुँजीगत)	वडा कार्यालय भवन निर्माण उपभोक्ता समिति	25.38	1.73	23.65	4878.23	8429।58
जम्मा							१२४१४।७५

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-२७** को निर्णयले रू **४,२७१.६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-२७** को निर्णयले रू **४,५२९.१५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१९** को निर्णयले रू **२४,३६३.३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	१२,४१४.७५

५४.३ **हेभी इक्विपमेण्टको प्रयोगः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गरी देहाय अनुसार रू. ३०२८४०३०।०० जटिल कार्यमा प्राविधिकको सिफारिसमा मात्रै डोजर प्रयोग गर्नुपर्नेमा प्राविधिकबाट त्यस्तो सिफारिस गरेको प्रमाण पेश गरेको छैन र उपभोक्ता समितिले सबै ठाउँमा डोजर प्रयोग गरेको देखिन्छ । उपभोक्ता समितिको काममा हेभी इक्विपमेन्टको प्रयोगमा नियन्त्रण गर्नुपर्दछ । अतः पालिकाले नियमित गर्नुपर्ने रू.

क्र.सं.	भौचर नं. र मिति	उपभोक्ता समितिको नाम	भुक्तानी भएको (रू.)
१.	७१।२०८१।०१।१२	देउलेख गर्जे सडक उपभोक्ता समिति-८	४९३०६१४।००
२.	७१।२०८१।०१।१२	देउलेख गर्जे सडक उपभोक्ता समिति-९	२२४०२७४।००
३.	४२।२०८०।११।१३	श्रीभावर सडक मर्मत तथा सफाई उपभोक्ता समिति-९	१९९९८३४।००
४.	११८।२०८१।०३।१६	खन्तर टकरे जुकेपानी सडक योजना	१००२३७५।९०
५.	१३३।२०८१।०३।१७	कान्धारा देउलेक सडक निर्माण उपभोक्ता समिति	४०४१०९३।९०
६.	७४।२०८१।०१।२८	भौनेल माण्डौ-मौरि वगर सडक निर्माण उपभोक्ता समिति	५८२७९४५।००
७.	४।२०८०।०८।१३	धौले कित्थे खाए काडा वडा कार्यालय सडक निर्माण उपभोक्ता समिति	२१६९९४६।७०
८.	१५४।२०८१।०३।२२	ओखलसैनी सकरकाडा सडक निर्माण उपभोक्ता समिति	३३३१७९९।५९
९.	१५६।२०८१।०३।२२	पुन्ढोड खेरकोट सडक निर्माण योजना उपभोक्ता समिति	४७४०१४७।१०
	जम्मा		३०२८४०३०।००

५४.४ **उपभोक्ता समितिको कार्यमा सब-कन्ट्र्याक्टरः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) मा उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र निर्माण व्यवसायी वा सब-कन्ट्र्याक्टरबाट गराउन नसकिने तथा कारणवश सो समिति आफैले समयमा सो काम सम्पन्न गर्न नसक्ने भएमा सो कुराको सूचना सार्वजनिक निकायलाई दिनुपर्ने त्यसरी सूचना प्राप्त भएपछि सार्वजनिक निकायले सो सम्बन्धमा आवश्यक जाँच गरी सो समितिसँग भएको सम्झौता तोडी बाँकी काम ऐन र यस नियमावली बमोजिम गराउनुपर्ने उल्लेख छ । सो विपरित निर्माण कार्य गराएमा उपनियम १३ क अनुसार उपभोक्ता समितिसँगको संझौता रद्ध गरी सोको अभिलेख राखी भविष्यमा कार्य गर्न नदिने र सव कन्ट्राक्टमा काम गर्ने निर्माण ब्यवसायीलाई कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नुपर्ने ब्यवस्था छ । पालिकाले यस बर्ष देहायका उपभोक्ता समितिको काम सब-कन्ट्र्याक्टरबाट गराई रू. ३०२८४०३०।०० खर्च लेखेको छ । यस्ता कार्य उपभोक्ता समितिबाट गराउँदा लागत सहभागिता र रोजगारी सृजना नहुने हुन्छ । अतः पालिकाले रोजगारी सृजना हुने श्रममूलक कार्य मात्र उपभोक्ता समितिबाट सम्पादन गराउनुपर्दछ । उपभोक्ता समितिको कार्य निर्माण व्यवसायीबाट गराएकोले देहायका उपभोक्ता समितिलाई भविष्यमा काम नगराउने गरी अभिलेख राखी सब-कन्ट्र्याक्टरको काम गर्ने निर्माण ब्यवसायीलाई कालोसूचीमा राख्ने सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गरी उक्त खर्च नियमित गर्नुपर्ने रू.

भौचर नं. र मिति	उपभोक्ता समितिको नाम	सब कन्ट्र्याक्टरको नाम	भुक्तानी भएको (रू.)
११८।२०८१।०३।१६	खन्तर टकरे जुकेपानी सडक योजना	बार शिखर कन्स्ट्रक्शन पाटन-०८ बैतडी	१००२३७५।९०
१५४।२०८१।०३।२२	ओखलसैनी सकरकाडा सडक निर्माण उपभोक्ता समिति	Greencity construciotn and Engineering consultancy pvt.Ltd.	३३३१७९९।५९
१५६।२०८१।०३।२२	पुन्ढोड खेरकोट सडक निर्माण योजना उपभोक्ता समिति	कमला निर्माण सेवा सुनर्या बैतडी	४७४०१४७।१०
जम्मा रकम रू.			९०७४३२२।६०

साथै पालिकाले अन्य निर्माण कार्य उपभोक्ता समितिसँग सम्झौता गरी सब कन्ट्र्याक्टरमार्फत कार्य गराएको अभिलेख अद्यावधिक गरी उपभोक्ता समितिलाई भविष्यमा कार्य गर्न नदिने गरि अभिलेख राख्ने र सब-कन्ट्र्याक्टरमा काम गर्ने निर्माण व्यवसायीलाई कालोसूची

राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नुपर्दछ ।

अनियमित भएको	९०,७४,३२२.६

५४.५ **ठेक्का अभिलेखः** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ । यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन । अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ ।

५५ **वढी खर्च** (१४६-२०८१-३-२१):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा खर्चको पुष्ट्याई राखेर मात्र खर्च लेख्नुपर्ने ब्यवस्था छ । गाउँपालिका पुँजीगत वजेट उपशीर्षक समेतबाट सिगास निर्माण सेवालाई ठेक्का नं. २ को काम (गणेश माध्यमिक विद्यालय लेकम (वडा ६) को ४ कोठे भवन निर्माण) गर्ने क्रममा वीमा प्रिमियम रू. २७०७३।०० र मेटेरियल परीक्षणको रू. ३००००।०० गरी रू. ५७०७३।०० खर्च लेख्दा बीमा अवधि २०२४-७-४ देखि २०२४-७-४ सम्म १ दिन मात्र कायम गरेको तथा मेटेरियल परीक्षणको विल नराखेको पाइयो । बीमाको अवधि संझौता अवधि भन्दा कम्तीमा १३ महिना भन्दा बढी हुनुपर्नेमा १ दिन मात्र भएको तथा मेटेरियल परीक्षणको विजक संलग्न गरेको छैन । सोही ठेक्कामा डण्डीमा ९७.९२ केजी वढी गणना गरी प्रतिकेजी रू. १३०।०० का दरले मूअकर सहित रू. १४३८५।०० वढी भुक्तानी गरेको छ । सिगास निर्माण सेवालाई बीमा प्रिमियम रू. २७०७३।०० र प्रयोगशाला परीक्षण खर्च रू. ३००००।०० एवं डण्डीमा वढी खर्च गरेको रू. १४३८५।०० समेत रू. ७१४५८।०० सिगास निर्माण सेवाबाट असुल गर्नुपर्ने रू.

असुल गर्नुपर्ने	७१,४५८

५६ **वढी भुक्तानी**

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२२** को निर्णयले रू **६९९,३३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५७ **परामर्श कर/अनुपातिक कट्टि**

५७.१ (३-२०८०-९-२२):

परामर्श कर-

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-२७** को निर्णयले रू **३९,६३२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५७.२ (६३-२०८०-१२-२२):

जग्गाको स्वामित्वः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा खर्च गर्दा जग्गाको स्वामित्व लगायतका विषयमा एकीन हुनुपर्ने ब्यवस्था छ । गाउँपालिकाले वडा नं. ४ मा निर्माण गर्दै गरेको खेल मैदान (क्रिकेट रंगशाला समेत) को

स्वामित्व एकीन नगरी यो वर्ष संघीय हस्तान्तरित पुँजीगत कार्यक्रमबाट रू. २०४४३३७।०० उपभोक्ता समितिलाई भुक्तानी गरेको छ । गाउँपालिकाले भवन, खेलमैदान लगायतका संरचना तयार गर्दा जग्गाको स्वामित्व प्राप्त गरेर मात्र खर्च गर्नुपर्दछ ।

५७.३ (६३-२०८०-१२-२):

अनुपातिक कट्टिः गाउँपालिकाको र उपभोक्ता समितिसँग भएको संझौतामा उपभोक्ताको योगदान कम्तीमा १०% हुने ब्यवस्था छ । गाउँपालिका पुँजीगत वजेटबाट ओखलसैनी खेलमैदान निर्माण (वडा नं. ४) उपभोक्ता समितिलाई कार्य सम्पन्न अंक रू. ४१०८७४४।०० को १०% रू. ४१०८७४।०० कटाई रू. ३६९७८७०।०० भुक्तानी गर्नुपर्नेमा रू. ३८८९३३७।०० खर्च लेखेको छ । उपभोक्ता समितिलाई संझौता अनुसार रू. १९१४६७।०० घटी अनुपातिक कट्टि भई भुक्तानी भएको छ । उक्त रकम ओखलसैनी खेलमैदान निर्माण उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रू.

असुल गर्नुपर्ने	१,९१,४६८

५८ **पेश्की** (१९-२०८१-३-१६):

आर्थिक वर्षको अन्तमा पेश्कीः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा खर्चको औचित्य सावित गर्नुपर्ने ब्यवस्था छ । गाउँपालिकाले झोलुङ्गे पुलको पूर्व तयारी विना फेव्रिकेसन पार्टस प्राप्त नहुँदै संघीय सरकारबाट हस्तान्तरित कार्यक्रमबाट वजेट फ्रिज नगर्ने उद्धेश्यले चामागाड झोलुङ्गे पुल निर्माण उपभोक्ता समिति वडा नं. ७ लाई रू. १२१४२७४।०० पेश्की उपलव्ध गराएको छ । उक्त पेश्की नियमानुसार असुल फर्स्यौट गरी गरेको खर्च नियमित गर्नुपर्ने रू.

अनियमित भएको	१२,१४,२७४

५९ **सामुदायिक वनको रोयल्टी**

स्थानीय सरकार संचालन ऐन, २०७४ मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनुपर्ने र सोही बमोजिम वन पैदावार विक्री हुने रकमको दश प्रतिशत रकम सम्बन्धित स्थानीय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा पालिका अन्तर्गतका सामुदायिक वन उपभोक्ता समितिहरु मध्ये १ वटाले रू. ६७०००।०० बाहेक अन्य वनले १० प्रतिशतले हुने रकम पालिकामा जम्मा गरेको देखिएन । तसर्थ, पालिका अन्तर्गतका सबै सामुदायिक वन उपभोक्ता समितिहरुको वन पैदावार विक्रीबाट प्राप्त रकमको एकिन गरी सोको १० प्रतिशतले हुने रकम स्थानीय संचित कोषमा जम्मा गर्नुपर्दछ ।

संपरीक्षणबाट थप भएको बेरूजू

<table>
<tr><th>क्र.सं.</th><th>बेरुजुको विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>मृतकको भत्ता वितरण
सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम १५(४) मा मृत्यु भइसकेका व्यक्तिले मृत्यु भएको दिनसम्मको भत्ता निजको हकवालाले पाउने उल्लेख छ । गाँउपालिकाले वडाको लाभग्राहीहरुका लागि सामाजिक सुरक्षा भत्ता निकासा गरेकोमा बैकंले बुझाएको भरपाईमा मृत्यु भइसकेका देहायका व्यक्तिहरुको खातामा समेत नगद जम्मा गरेको पाइयो । पालिकाले प्रत्येक बर्ष लाभग्राहीहरुको विवरण अपडेट गरी मृत व्यक्ति लगायत अन्य लाभग्राही व्यक्तिहरुको लगतकट्टा गरी बैकंलाई रकम जम्मा गर्न आवश्यक रकम निकासा गर्नुपर्नेमा नगरेकोले मृत व्यक्तिहरुको खातामा समेत रकम जम्मा भएको पाइयो । अत: मृत व्यक्तिलाई भुक्तानी भएको रकम सम्बन्धित लाभग्राहीबाट असुल गर्नुपर्ने रू.
<table>
<tr><th>क्र.सं.</th><th>नाम</th><th>वडा न.</th><th>परिचय पत्र नम्वर</th><th>वढी भुक्तानी भएको रु.</th></tr>
<tr><td>१</td><td>भट्टीदेवी धामी</td><td>२</td><td>२०००१२३२६७०८८</td><td>२६६७</td></tr>
<tr><td>२</td><td>प्रकाश सिंह धामी</td><td>२</td><td>२०५९१०१२०२२६९</td><td>३३६४</td></tr>
<tr><td>३</td><td>नेफरे लुहार</td><td>८</td><td>१९९५१२३१६८९१६</td><td>४०००</td></tr>
<tr><td>४</td><td>भानचुनारा</td><td>२</td><td>२००८०१०६०४२६३</td><td>१८६७</td></tr>
<tr><td>६</td><td>दान सिह साँउद</td><td>५</td><td>२००७१२३१७०३३७</td><td>१३३</td></tr>
<tr><td>७</td><td>धना साउद</td><td>५</td><td>२०१००११९०४११४</td><td>१३३</td></tr>
<tr><td>८</td><td>पावर्ति देवि बिश्वकर्मा</td><td>१</td><td>२०३०११३०००४४७</td><td>७८८८</td></tr>
<tr><td>९</td><td>जलु कामी</td><td>२</td><td>२०४४१११६०२९१४</td><td>४५५०</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>२४६०२</td></tr>
</table></td><td>२४,६०२</td></tr>
</table>

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : सिगास गाउँपालिका, बैतडी , सिगास गाउँपालिका , बैतडी

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	रघुनाथ अवस्थी	२०८०-६-२३	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	कृष्ण प्रसाद घिमिरे	२०८०-६-१	२०८०-६-२३
लेखा प्रमुख	अशोक कुमार भट्ट	२०७७-१२-२६	२०८१-२-१
लेखा प्रमुख	सुवास कठरिया	२०८१-३-१	२०८१-५-९
लेखा प्रमुख	प्रेम राज भट्ट	२०८१-५-५	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
१,२६४,२४४.०७	१३,२०५,११३.६	१,८७७,३११.८६	०	०	०
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					१६,३४६,६६९.५३
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.					२,०६५,१६३.०५
संपरीक्षणबाट थप भएको बेरुजू रु.					२४,६०२
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					१४,३०६,१०८.४८

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		५०२०३४६९.५९	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	२८७२९००००	चालु खर्च	३०५२२३०८४.३
प्रदेश सरकारबाट अनुदान	१२७२००००	पूँजीगत खर्च	८०१३२४२१
राजश्व बाँडफाँट	८३६२३४०६.२	वित्तीय/अन्य व्यवस्था	१३६४१२२३५
आन्तरिक आय	१०४३९९१०.३८		
अन्य आय	१२८४९६९३५.१		
कुल आय	५२२५७०२५१.६८	कुल खर्च	५२१७६७७४०.३
बाँकी मौज्दात		५१००५९८०.९७	

बेरूजु दफा ३०.६ सँग सम्बन्धित विवरण - अनुसूची - ३

सिगास गाउँपालिका बैतडीको दिवाखाजा खर्चको विवरण, २०८०।८१						
सि.नं .	विद्यालयको नाम	प्रथम	दोस्रो	तेस्रो	चौथो	जम्मा
1	श्री अर्जुन मा.वि. सिगास २ गाँजरी (1-12)	64,000	69,000	152,010	96,720	381,730
2	श्री सिगास मा.वि. रक्सौन सिगास ३ बैतडी (1-12)	51,015	114,457	88,890	111,815	366,177
3	श्री लेक लुपुड मा.वि. सिगास 8 शिवलिङ्ग (1-12)	37,375	67,705	60,000	43,020	208,100
4	श्री उदय मा.वि. सिगास 9 गन्सुर (1-12)	12,900	45,240	34,920	36,390	129,450
5	श्री नरेन्द्रपुर मा.वि. सिगास 1, बजकोट (1-12)	29,595	103,000	77,985	75,305	285,885
6	श्री पञ्चोदय मा.वि. सिगास १ ईराना (1-10)	31,000	108,595	100,005	93,000	332,600
7	श्री शिवलिङ्ग मा.वि. सिगास २, बगर,धौलाडी (1-10)	52,000	159,875	141,720	118,245	471,840
8	श्री भुवन भाष्कर मा.वि. सिगास ३, चमडेखर्क (1-10)	41,950	105,885	82,950	94,095	324,880
9	श्री शिव मा.वि. सिगास ४, गढतोला (1-10)	55,000	112,000	107,550	63,680	338,230
10	श्री शारदा मा.वि. सिगास ५, ढुङ्गाड (1-10)	0	0	0	0	0
11	श्री भुवनेश्वरी मा.वि. सिगास ५, खैरकोट (1-10)	40,000	120,110	103,000	114,645	377,755
12	श्री गणेश मा.वि. सिगास ६, लेकमबस्ती (1-10)	9,120	38,750	33,445	24,165	105,480
13	श्री महादेव मा.वि. सिगास 6, काँडा (1-10)	15,720	69,270	63,020	46,335	194,345
14	श्री भुमिराज मा.वि. सिगास ६, थाला (1-10)	38,600	154,000	134,040	105,570	432,210
15	श्री बालकृष्ण मा.वि. सिगास ७, न्वाघर (1-10)	34,000	130,320	107,570	62,000	333,890
16	श्री भुमिराज स्वामी आ.वि. सिगास १, वेसरा (1-8)	11,000	39,000	33,365	26,995	110,360
17	श्री केदार आ.वि. सिगास १, सुगरखाल (1-8)	9,810	31,940	28,260	21,240	91,250
18	श्री रण आ.वि. सिगास २, कोटिला (1-8)	25,000	91,860	78,115	77,885	272,860
19	श्री शिवलिङ्ग आ.वि. सिगास ७, चामा (1-8)	30,000	91,000	72,240	74,580	267,820
20	श्री सरस्वती आ.वि.. सिगास ७, बगाली (1-8)	29,000	86,000	69,600	68,800	253,400
21	श्री जनचेतना आ.वि. सिगास ८, लुपुड (1-8)	52,000	109,227	102,000	76,950	340,177
22	श्री शंकरपुर आ.वि. सिगास ९ चौखाम (1-8)	25,425	56,501	55,065	26,535	163,526
23	श्री निलपाल आ.वि. सिगास ९, च्वाँ (1-8)	13,095	71,135	56,190	66,272	206,692
24	श्री सिगास आ.वि. सिगास १, टकरे (1-5)	11,640	36,025	18,487	34,490	100,642
25		8,500	30,780	24,685	22,770	86,735

	श्री महादेव पार्वती आ.वि. सिगास १, खन्तड (1-5)					
26	श्री जनचेतना आ.वि सिगास १ ग्वाडखोला (1-3)	0	24,470	18,015	26,900	69,385
27	श्री कैलपाल आ.वि सिगास २, धुरा (1-5)	14,000	23,000	55,000	38,220	130,220
28	श्री सनराइज आ.वि सिगास २, रोडिगढ (1-5)	18,000	60,590	26,700	52,581	157,871
29	श्री जनशक्ति आ.वि. सिगास ३, ईराना (1-5)	11,000	0	36,045	34,000	81,045
30	श्री भुमिराज आ.वि. सिगास ३ डुडै (1-5)	14,340	52,905	24,583	47,853	139,681
31	श्री सरस्वती आ.वि. सिगास ३, उखाकोट (1-5)	22,900	76,260	76,800	85,565	261,525
32	श्री शिवशंकर आ.वि. सिगास ३ मैनोला (1-5)	22,865	67,330	9,105	58,770	158,070
33	श्री जनआधार आ.वि. सिगास ४ बुढाकोट (1-5)	21,000	60,330	42,800	57,990	182,120
34	श्री देउलेक आ.वि. सिगास ४, निउनेखोड (1-5)	13,000	41,985	34,380	33,600	122,965
35	श्री कैलपाल आ.वि. सिगास ४ खडखडे (1-3)	3,000	11,700	8,325	8,095	31,120
36	श्री निलपाल आ.वि सिगास ४ पुजारीखेत (1-3)	8,835	24,605	21,835	13,845	69,120
37	श्री हत्तसुण्ड आ.वि सिगास ४ पारागाँउ (1-3)	12,000	27,000	48,500	12,000	99,500
38	श्री सिगास आ.वि सिगास ४ सिराडी	12,000	34,000	29,850	29,485	105,335
39	श्री कैलपाल आ.वि. सिगास ५ गुने (1-5)	0	51,000	59,000	49,880	159,880
40	श्री ठुल्सैनी आ.वि. सिगास ५ खल्लीगडान (1-5)	25,000	0	116,850	10,920	152,770
41	श्री महादेव आ.वि.सिगास ५ लाम्वगर (1-5)	0	36,800	30,585	26,970	94,355
42	श्री जन्ता आ.वि सिगास ५ सुन्दरपुर (1-5)	8,000	26,000	27,604	23,805	85,409
43	श्री नौलो आ.वि सिगास ६ बस्थी (1-5)	27,630	98,000	76,895	64,000	266,525
44	श्री निलपाल आ.वि सिगास ६ घरकाटे (1-5)	10,470	34,000	30,390	38,475	113,335
45	श्री सिताराम आ.वि सिगास ६ खेती(1-३)	6,750	22,770	17,910	17,130	64,560
46	श्री जनज्योति आ.वि सिगास ६ मसानीझाड(1-३)	20,000	74,000	59,765	70,500	224,265
47	श्री सरस्वति आ.वि सिगास ६ मौर्याडी (1-5)	8,520	33,260	25,890	30,600	98,270
48	श्री भवानी आ.वि सिगास ७ साङडा (1-5)	11,000	34,900	31,470	25,515	102,885
49	श्री भगवती आ.वि सिगास ७ बोरी (1-5)	12,000	45,595	30,105	29,505	117,205
50	श्री कालपोखरी आ.वि सिगास ८ पारीवन (1-5)	14,000	53,000	50,800	28,450	146,250
51	श्री कैलपाल आ.वि सिगास ८ डाँडाचौर (1-३)	7,000	22,410	19,085	17,880	66,375

52	श्री ज्ञानोदय आ.वि सिगास ८ पुतलीपुर (1-5)	9,390	28,810	24,885	15,570	78,655
53	श्री चेतना आ.वि सिगास ८ मगरकोट (1-5)	12,000	39,810	32,800	28,695	113,305
54	श्री कैलपाल आ.वि सिगास ९ बजपानी (1-5)	21,000	70,000	55,450	45,100	191,550
55	श्री केदार आ.वि सिगास ९ जालहाल्ला (1-४)	3,000	10,800	9,700	7,215	30,715
56	श्री पहरौल आ.वि सिगास ९ बैतडी (1-5)	11,100	44,175	38,755	28,440	122,470
57	श्री जनशक्ति आ.वि. सिगास ९, तोली (1-5)	11,700	28,030	20,400	16,125	76,255
58	श्री सिगास आ.वि भौति सिगास ९ भौति (1-5)	7,000	23,000	16,000	14,840	60,840
59	श्री ओखडानी बालविकास केन्द्र सिगास ७	8,000	25,000	26,595	14,760	74,355
60	जनप्रिय बा.वि केन्द्र सिगास ८	3,540	4,500	0	0	8,040
61	श्री बालज्योति आ. वि सिगास ८ लुपुड (शिशु केन्द्र)	3,000	4,625	0	0	7,625
	जम्मा					10,239,885

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ। अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ। मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ।

- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ। पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।